**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**
- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शीरूपमा काम कारबाईको सम्पादन
- सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ २८ गते बिहीवार // मूत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 September 14 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७

## वार्तापछि बाल सुधारगृहको अवस्थामा सुधार

प्रस, वीरगंज, २७ भदौ/

बिर्ता, वीरगंज-४ स्थित बाल सुधारगृह बुधवार पनि आधा दिनसम्म


तस्वीरः प्रतीक

तनावग्रस्त रह्यो । हिजो रातिदेखि शुरू भएको विवादमा सुधारगृहमा रहेका बालकैदीहरूले प्रहरीमाथि अन्धाधुन्ध ढुङ्गामुढा गरेर रातभरि तनाव दिएका थिए ।

उनीहरूले सुधारगृहसँगैको डा शैलेश ठाकुरको क्लिनिक पनि कब्जामा लिएर दुवैतर्फबाट प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए । राति ११:३० बजे सुधारगृहभित्र झडपमा घाइते भएका ११ जना बालकैदी र तीनजना प्रहरीलाई बाहिर निकालिएको थियो । उनीहरूलाई नारायणी अस्पतालमा भर्ना गरिएको छ ।

रातभरि ढुङ्गामुढा गरेका सुधारगृहका बालकैदीहरूले बुधवार बिहान १० बजेदेखि पुनः ढुङ्गामुढा शुरू गरेका थिए । दिउँसो २ बजेसम्म प्रहरीविरुद्ध ढुङ्गामुढा गरी दिउँसो ३ बजे उनीहरू वार्तामा बसेका थिए । सुधारगृहअगाडिको सडकमा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक कोमल शाह र नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीसँग बालकैदीहरूले वार्ता गरेका थिए ।

आजको वार्तापछि बाल सुधारगृह, भक्तपुरबाट आएका १८ जनामध्ये १४ जनालाई अन्यत्र सारिएको छ । तीमध्ये १० जना अस्पतालमा भर्ना रहेका र चारजनालाई अन्यत्र सारिएपछि अहिले अवस्था सामान्य बनेको छ । बालकैदीहरूले राखेका मागहरूमध्ये केही केन्द्रस्तरीय रहेकाले सो सम्बन्धमा आफूले पहल गर्न सक्ने र स्थानीय मागहरूलाई भने आफूले सम्बोधन गर्ने प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए । बालकैदीहरूले भक्तपुर बाल सुधारगृहबाट भदौ ८ गते वीरगंज ल्याइएका १८ जना कैदीलाई फर्काउनुपर्ने, नाइके परिवर्तन गर्नुपर्ने, शौचालयको व्यवस्था, जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा राष्ट्रपतिबाट कैद सजाय मिनहा पाएर रिहा भएका वीरगंज-२४ का गुड्डु यादवलाई कारबाई हुनुपर्ने माग गरेका थिए । उनीहरूले पूर्वनाइके यादवले बन्दी सुधारगृहमा रहेका बालकहरूलाई चरम यातना दिने गरेको र उनीहरूसँग यौन दुर्व्यवहार पनि गर्ने गरेको आरोप लगाएका थिए ।

हत्या आरोपमा सजाय भोगेका यादव जेठ १५ गते रिहा भएका थिए । रिहा हुनुअघि बाल सुधारगृहमा रौतहटका एकजना बालकैदीको मृत्यु भएको घटना सार्वजनिक गरिए पनि सो घटना मृत्यु नभएर हत्या भएको सुधारगृहका


तस्वीरः प्रतीक

बालकैदीहरूले आरोप लगाए । उनीहरूले प्रहरीको मिलेमतोमा यादवले हत्या गरेको तर कालगतिले मृत्युको भएको भन्दै घटनाको ढाकछोप गरिएको बालकैदीहरूको आरोप छ ।

यसैगरी, बाल सुधारगृहमा क्षमताभन्दा बढी बालकहरू राखिएका भन्दै उनीहरूले क्षमता अनुसार बालकैदीहरू राख्न माग गरेका छन् । हाल सुधारगृहमा भदौ ८ गते आएका १८ जनासहित १४९ जना बालकैदीहरू छन् । यसअघि अनाथ बालबालिकाहरू रहने बाल सुधार केन्द्रमा केवल २७ जना बालबालिका मात्र राखिएको थियो । बाल सुधार केन्द्रबाट बाल सुधारगृहमा परिणत भएपछि अहिले क्षमताभन्दा बढी बालकैदीहरू राखिएका र उनीहरूलाई दैनिकरूपमा दिइने खाजा, खाना पनि कमसल रहेको बालकैदीहरूले आरोप लगाएका थिए ।

वार्ताको क्रममा उनीहरूले गुड्डु यादवलाई कारबाई गर्नुपर्ने र भदौ ८ गते भक्तपुरबाट आएका १८ जना बालकैदीलाई फिर्ता गर्नुपर्ने तथा यो कार्य नभएसम्म आन्दोलन स्थगित नहुने

(बाँकी अन्तिम पातामा)

## चाडपर्व नजीकिंदा ड्राई फ्रूट्सको तस्करी बढ्दो
## सरकारले भन्सार नाकाबाट ल्याउनै दिएन

प्रस, परवानीपुर, २७ भदौ/

हिन्दूहरूको चाडमा ड्राइ फ्रूट्सको माग अत्यधिक हुने गरेको छ । यसअघि भदौ, असोज, कात्तिकमा भन्सार नाकाबाट ठूलो परिमाणमा ड्राइ फ्रूट्स भित्रिइन्थ्यो । तर अहिले वीरगंजका दुईटै भन्सार नाकाबाट ड्राइ फ्रूट्सको आयात ठप्प छ ।

सोमवार वीरगंज-१० बजरङ्गटोलबाट पर्सा प्रहरीले आठ सय किलो काजु बरामद गरेको घटनाले ड्राइ फ्रूट्सको अवैध पैठारी भइरहेको पुष्टि हुन्छ । भन्सार नाकाबाट मालसामान ल्याउँदा राज्यलाई राजस्व फाइदा हुन्छ भने अवैधरूपमा तस्करीको बाटोबाट मालसामान भित्रिंदा राज्यलाई राजस्व घाटा हुने गर्छ ।

सर्वसाधारणका अनुसार वीरगंजका हरेक पसल, भाटभटेनी, हेटौंडा, पोखरा, काठमाडौंलगायत शहरमा पनि ड्राइ फ्रूट्स काजु, किसमिस, बदाम, छोहडा, कटुसलगायत सामग्रीहरू सहजै खरीद गर्न सकिन्छ तर ती सबै सामान अहिलेको समयमा भन्सार नाकाबाट नआई तस्करीको माध्यमबाट भारतबाट नेपाल भित्रिरहेको र सीमावर्ती नेपाली बजारबाट नेपालका अन्य ठूला शहरहरूमा गइरहेको छ ।


प्रतिकिलो काजु भारु ६ सयभन्दा कममा मूल्याङ्कन नगर्ने भन्सारको सन्दर्भ मूल्यपुस्तिकामा उल्लेख छ । भन्सार नाकाबाट काजु भारत तथा तेस्रो मुलुकबाट आयात गर्दा खरीद मूल्यमा १५ प्रतिशत भन्सार शुल्क, १५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूअकर गरी एक किलो काजु आयात गर्दा प्रतिकिलो रु १४ सय पर्छ । तर तस्करीको माध्यमबाट रक्सौलबाट वीरगंजका व्यवसायीको गोदाममा काजु पुग्दा प्रतिकिलो नेरु ११ सय पर्छ । भन्सार नाकाबाट काजु आयात गर्नुभन्दा तस्करीको बाटो व्यवसायीहरूले रोजिरहेका छन् ।

स्रोतका अनुसार रक्सौलमा प्रतिकिलो भारु ६०० मा खरीद गरिएको काजुमा प्रतिकिलो भारु सय क्यारियर चार्ज दिएपछि वीरगंज गोदामसम्म पुग्ने गरेको छ । भन्सार नाकाभन्दा अवैधरूपमा भित्रिने काजु प्रतिकिलो रु तीन सय कम पर्ने भएकोले व्यवसायीहरूले तस्करीको माध्यम रोजेका हुन् ।

अवैधरूपमा भित्रिएको आठ सय किलो काजु सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंह, वीरगंज भन्सारका अधिकृत दीपेन्द्र शर्मा पौडेलको टोलीले पूर्वसूचनाको आधारमा बरामद गरेको हो । उक्त काजुको मूल्य करीब सात लाख पर्छ ।

त्यस्तै, किसमिस आयात गर्दा नेपालको भन्सारको सन्दर्भ मूल्यपुस्तिकामा प्रतिकिलो भारु दुई सयभन्दा घटीमा जाँचपास गर्न नमिल्ने भनी उल्लेख छ । तर रक्सौलमा प्रतिकिलो भारु १४० र किलोमा भारु २५ क्यारिङ चार्ज दिएपछि भारु १६५ अर्थात् नेरु २३५ को दरमा किसमिस वीरगंजका व्यवसायीहरूको गोदाममा पुग्छ ।

सन्दर्भ मूल्यपुस्तिकामा किसमिसको मूल्याङ्कन दर प्रतिकिलो भारु दुई सय राखिए तापनि भारतीय बजारमा प्रतिकिलो भारु १२५ मा किसमिस पाइन्छ । मानौं रक्सौलबाट भारु १२५ मा एक किलो किसमिस खरीद गरी बढी हुने भारु ७५ को ५० प्रतिशत जरिवाना अर्थात् भारु ३७.५ जोड्दा खुद खरीद मूल्य भारु १६२.५० हुन्छ । त्यसमा १५ प्रतिशत भन्सार महसूल, १५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूअकर जोड्दा


तस्वीरः फाइल

प्रतिकिलो किसमिस भारु ३१४ पर्छ । यसरी भारु ३१४ को नेरु ५०२ हुन्छ ।

अवैधरूपमा २३५ प्रतिकिलोको दरमा किसमिस भित्र्याइरहेको व्यवसायीले प्रतिकिलो ५०२ को दरमा भन्सार नाकाबाट किन भित्र्याउँछ ? आवश्यक खाद्यवस्तुमा भन्सार राजस्वको दर नै अव्यावहारिकरूपमा राखिएकाले व्यवसायीहरूले वैधानिक बाटोभन्दा अवैधानिक बाटो तस्करीबाट ड्राइ फ्रूट्स पैठारी गरी नेपालका विभिन्न ठाउँमा आपूर्ति गरिरहेका छन् ।

त्यसैगरी, मसलामा इलाइचीको आयात ठप्प छ । इलाइची तेस्रो मुलुकबाट आयात हुने गर्छ । अन्तर्राष्ट्रिय बजारमा इलाइचीको मूल्य प्रतिकिलो ८.२५ डलर रहेको छ भने भन्सारको सन्दर्भ मूल्यपुस्तिकामा प्रतिकिलो १२.५ डलरभन्दा कममा जाँचपास गर्न नमिल्ने भएकोले व्यवसायीहरूले इलाइचीको आयात बन्द गरेका छन् ।

त्यसैगरी ओखर, ल्वाङको आयात पनि घटेको बुझिएको छ । नेपाल सरकारले छोहडा आयातमा प्रतिबन्ध लगाए पनि नेपाली बजारमा छोहडा छ्याप्छ्याप्ती पाइने गरेको देख्न सकिन्छ ।

भन्सार नाकाबाट आयात ठप्प पारी अवैधरूपमा ड्राइ फ्रूट्स भित्रिरहेको घटनाबारेमा वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरू पनि गम्भीर भएका छन् । वीउवासङ्घका उपाध्यक्ष माधव राजपालले यस विषयमा आफूलाई धेरै जानकारी नभएको बताउँदै आर्थिक मन्दीले गर्दा अवैध व्यापार फस्टाएको हुन सक्ने बताए । उनले आर्थिक मन्दीकै कारण सरकारले व्यवसायीहरूलाई चारैतिरबाट घेरिरहेको र त्यसैबाट आजित भएर केही व्यवसायीहरू गलत बाटोमा गएकाले उनीहरूलाई सही बाटोमा ल्याउन वीउवासङ्घले प्रयास गर्ने बताए ।

उनले भने, "हामीले राज्यको नीति नियमलाई आत्मसात् गरेर व्यवसाय गर्नुपर्छ । छोटो समयमा धेरै कमाउने लोभमा गलत बाटोबाट गयौं भने त्यो धेरै दिन टिक्दैन । र यस्ता विकृतिहरूलाई हटाउनको लागि सरकारले पनि जिम्मेवार भएर व्यवसायीहरूको लागि व्यावहारिक नीति ल्याउनुपर्छ ।" उनले अन्तर्राष्ट्रिय बजारमा समयसमयमा मालवस्तुको दाम घटबढ हुने भएकाले अन्तर्राष्ट्रिय बजारको आधारमा वैज्ञानिक भन्सार मूल्याङ्कनको प्रणाली विकसित हुनुपर्ने बताए ।

त्यसैगरी, वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत डा रामप्रसाद मैनालीले चाडबाड नजीकिंदा पनि ड्राइ फ्रूट्सका कुनै प्रज्ञापनपत्र एक सातायता नआएको बताए । अहिले ड्राइ फ्रूट्सको आयात ठप्प छ, सडक बाटोबाट वीरगंज भन्सार भएर आइरहेको छ, छैन त्यसबारे जानकारी भएन, उनले भने । उनले खुला सीमाका कारण अवैधरूपमा पैठारी हुने मालवस्तुको निगरानी र कारबाईको लागि वीरगंज भन्सार र सशस्त्र प्रहरी जिम्मेवार भएकाले अवैध पैठारी रोक्न अग्रसर हुनुपर्ने उनको सुझाव छ ।

## ज्येष्ठ महिलाहरूले दर खाएर तीज पर्व मनाए

प्रस, वीरगंज, २७ भदौ/

ज्येष्ठ नागरिक सङ्घ, पर्सामा आबद्ध ज्येष्ठ महिलाहरूले तीजको दर खाएर पर्व मनाएका छन् । ज्येष्ठ नागरिक पार्क वीरगंज-१५ मा आयोजित दर खाने कार्यक्रममा १६ जना ज्येष्ठ महिला सहभागी भएका र उनीहरूले दर खानुका साथै तीजको गीतमा नाचगान गरेर रमाइलो गरेका ज्येष्ठ नागरिक सङ्घ पर्साकी महिला संयोजक आशा गौतमले बताइन् ।


तस्वीरः प्रतीक

दर खाने कार्यक्रममा सहभागी महिलाहरूलाई सङ्घकी सदस्य अञ्जु श्रेष्ठले टीका लगाएर स्वागत गरेकी थिइन् । कार्यक्रममा ९४ वर्षीया ज्येष्ठ नागरिक पूर्वउपप्रमुख शान्ति कार्की पनि नाचगानमा सहभागी भएकी थिइन् । ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश संयोजक जगदीशप्रसाद शर्मा, शाखा उपाध्यक्ष बैधनाथ कोइरी, सचिव विनयराज गौतम, उषा शाह, बिन्दु शर्मा, ज्योति शाह, सङ्गीता पोखरेललगायतको सहभागिता थियो ।

## हार्दिक श्रद्धाञ्जली


स्व सङ्गीता देवी

यस भङ्गी साह मावि, विश्रामपुरका दाता एवं संस्थापक स्व पन्नालालप्रसादकी बुहारी तथा नेपाल बार एशोसिएशन पर्साका पूर्वअध्यक्ष ओमप्रकाश गुप्ताकी पत्नी **सङ्गीता देवीको** असामयिक निधन भएकोमा आज १२औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**मनोजकुमार श्रीवास्तव (प्रअ) तथा**
**श्री भङ्गी साह मावि, विश्रामपुर, पर्सा परिवार**

### विचारसार एवं सूक्तिहरू

बिहानीको सौन्दर्य वातावरणको ताजापन होइन, यो त तिम्रो सोच, अनुभूति र आजको दिनलाई कसरी सुखद बनाउने भन्ने सुरुआत गर्ने बेला हो ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## हार्दिक श्रद्धाञ्जलि

**संविधानसभाका दुवै कार्यकालका अध्यक्ष, पूर्वसभामुख तथा नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको अप्रत्याशित निधनले देश शोकमा छ । शालीन व्यक्तित्वका धनी नेम्वाङ नेपाली राजनीतिमा सहमति, सहकार्य र एकताका मिलनबिन्दु थिए । नेम्वाङले आफ्ना जस्तोसुकै असहमति तथा आक्रोशलाई सधैं शान्त र शालीन ढङ्गले राख्ने गर्थे । मुलुकका राजनीतिक दलहरूबीच जबजब बेमेल हुन्थ्यो, तब त्यहाँ नेम्वाङको खोजी हुने गर्थ्यो। हालै ६० किलो सुनकाण्डलाई लिएर संसद् अवरुद्ध भएपछि सत्तापक्ष र प्रतिपक्षलाई सहमतिको बिन्दुमा ल्याएर संसद् सुचारु गर्नुमा नेम्वाङको भूमिका महत्त्वपूर्ण रह्यो। संसद् खुलाउने सवालमा उनले पार्टीभन्दा माथि उठेर प्रतिक्रिया दिएका थिए। उनको यस्तै भूमिकाका कारण उनी आफ्नो पार्टीमा मात्रै नभएर विरोधी राजनीतिक दलमा पनि उत्तिकै लोकप्रिय थिए। उनले नेपाली राजनीतिमा प्रखर, स्पष्टता र सबैलाई मिलाएर जान सक्ने नेताको रूपमा छवि बनाएका थिए । पछिल्लो समय शान्ति प्रक्रियालाई टुङ्ग्याउने विषयमा नेम्वाङ सक्रिय थिए। बितेको शुक्रवार सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले भनेका थिए, "शान्ति प्रक्रियाको विषयमा धेरै कुरा मिलेको छ। छलफलका विषयहरू निकै 'न्यारो डाउन' भएका छन् । छिट्टै सकारात्मक खबर फैलाउन पाउनुहुन्छ, जो संसारका लागि समेत नयाँ सन्देश हुनेछ ।"**

**प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा जानुअगाडि नै नेपालको शान्ति प्रक्रिया टुङ्गोमा पुगेको सन्देश दिनेगरी सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक अगाडि बढाउने प्रयासमा थिए। कानून, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन विधेयकमा सहमति जुटाउन नेम्वाङ सक्रिय थिए। सत्तामा आफ्नो दल नभए पनि आफ्नो देशको छवि विश्वमञ्चमा कसरी उँचो राख्ने भन्ने चिन्ता उनमा थियो । त्यसैले त नेम्वाङ आफैं शीर्ष नेताहरूसँग निरन्तर संवादमा थिए । माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन र नेपाली काङ्ग्रेसका प्रमुख सचेतक रमेश लेखकसँगको समन्वयमा सहमतिको मस्यौदा नै नेम्वाङले तयार पारेका थिए । उनले तयार पारेको मस्यौदामा दलका शीर्ष नेताहरू छलफलमा जुट्ने तयारी भइरहेका बेला नेम्वाङले हामी सबैको साथ छोडे ।**

**साझा व्यक्तित्व नेम्वाङको निधनले राष्ट्रिय राजनीति स्तब्ध छ। अनेक उतारचढावका बीच राजनीतिमा सहमति, सहकार्य र एकताको सूत्रधार, बौद्धिक नेता नेम्वाङ संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका सशक्त पक्षधर थिए। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका तीनै क्षेत्रका ज्ञाता नेता नेम्वाङको निधनले नेपाली राजनीतिमा अपूरणीय क्षति पुगेको छ। नेपालको कम्युनिस्ट आन्दोलनमा उनको भूमिका महत्त्वपूर्ण मानिन्छ । राजनीतिका मियो उनलाई सहयात्रीहरू त्यसरी नै सम्झिरहेका छन् । संविधानसभाबाट संविधान जारी गर्ने क्रममा नेता नेम्वाङले खेलेको भूमिका स्मरणीय छ। राष्ट्रिय राजनीतिका साझा [redacted] र निष्कलङ्क नेताको निधनले जारी [redacted] परिस्थितिमा उनको अभाव [redacted] अधूरा कार्यहरू पूरा गर्ने र [redacted] अगाडि बढ्नु नै नेम्वाङप्रतिको [redacted]। दिवङ्गत नेताप्रति हाम्रोतर्फबाट [redacted]**

# जिनमार्गको निर्माणको सम्भावना

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

> **यो पनि सम्भव छ कि लेख्नेले जे लेखिदियो, पछिका विद्वान्हरूले त्यसैको विश्लेषण गर्न थाले, त्यसैलाई सत्य मान्न थाले। यो कुरो त सोह्रै आना सत्य छ कि आफू अनुकूल लेख्ने वा लेखाउने काम भने धेरै पहिलेदेखि चल्दै आएको छ।**

आजको युगलाई विज्ञान र प्रविधिको युग भनिन्छ। विज्ञानले हरेक दिन नयाँ चमत्कारहरू गरिरहेको छ। चमत्कारले सर्वसाधारणलाई एकातिर सजिलो बनाएको छ भने अर्कोतिर अनेक रहस्यहरू साधारण ज्ञानमा परिणत भइसकेका छन्। कतिपय ज्ञान अझै पनि रहस्य नै रहेका छन् । ज्ञानको खोज निरन्तर भइरहेको छ। विज्ञानले दिनरात अनेक उपाय गरेर नवीन तथ्यको खोजी गरिरहेको छ । पुरातन तथ्यलाई नवीनताको आँखाले हेरिरहेको छ । जाँचिरहेको छ र विज्ञानले पुनः परीक्षण गरी कतिपय सत्यलाई दोहोऱ्याएको छ। कतिपय सत्यलाई नयाँ रंग, रूप र उचाइ पनि दिएको छ । सत्यमा नवीनता र नवीनतामा सत्यता स्थापित गर्दै विज्ञानले असम्भवलाई सम्भव गरिरहेको छ, अकल्पनीयलाई स्वाभाविक गरिरहेको छ र सर्वसाधारणका लागि कतिपय अज्ञात तथ्यसित साक्षात्कार गरिरहेको छ।

कस्ता कस्ता असम्भवलाई सम्भव तुल्याइरहेको विज्ञान र प्रविधिले इतिहासको तथ्यलाई पनि सत्यताको कसीमा जाँचिरहेको छ। इतिहासको कुनै घटनालाई पनि विभिन्न मापनमा नापेर हो, होइन तथा हो भने कतिसम्म हो तथा कतिसम्म कल्पना मिसाइएको छ भन्नेतिर विज्ञानको ध्यान गइरहेको छ। यदि कुनै तथ्य रहेछ भने त्यो तथ्य वा साक्ष्य कहिलेको हो भन्ने कुरालाई प्रमाणित गरिरहेको छ विभिन्न आधारहरूमा । विज्ञानले तथ्यलाई सत्य मानिहाल्दैन, आफ्नै कसीमा नापेर कतिको सत्य तथ्य हो भन्ने आधार पनि दिन्छ। इतिहासको क्षेत्रमा प्रयोग र प्रचलनमा रहने विभिन्न पुरातत्त्व तथा पुरातात्त्विक सम्पदाको ऐतिहासिकताको पनि परीक्षण गरेर वास्तविकता सार्वजनिक गर्न सफल भइसकेको छ।

अहिले चन्द्रमामा नजीकको छिमेकी पुग्दा विश्व विज्ञानमा एउटा नयाँ आशा पलाएको छ। चन्द्रमाबारे नयाँ ज्ञान तथा तथ्यहरू पृथ्वीवासीले पाउने विश्वास भएको छ । अहिलेसम्म चन्द्रमाको जुन भागमा अमेरिका, रूस र चीनजस्ता देशहरू पुग्ने प्रयास नै गरिरहेका थिए, त्यहाँ भारत पुग्न सफल हुनु आफैंमा उपलब्धि मानिएको अन्तरिक्षाको परिवेशमा चन्द्रमाको दुर्लभ क्षेत्रमा पुग्नु विशिष्ट उपलब्धि मानिएको छ । अनि जुन जुन उद्देश्य लिएर भारतले चन्द्रयान पठाएको थियो, ती उद्देश्य पूरा हुँदा झन् विज्ञान, अनुसन्धान तथा खोजको क्षेत्रमा सुनमाथि सुगन्ध साबित हुने विश्वास रहेको छ । कोरोनाको सफल खोप निकाल्न सकेर विज्ञानले स्वास्थ्य विज्ञानको क्षेत्रमा गरेको चमत्कारको जति प्रशंसा गरे पनि कम हुन्छ । वास्तवमा वैज्ञानिकहरूले दुनियाँलाई अझ सुन्दर बनाउन गरिरहेको प्रयासले नै संसारलाई अगाडि बढाइरहेको छ भन्दा फरक पर्दैन।

आजभोलि अर्को खोजको विषयमा चर्चा चल्न थालेको छ । अब जिनको पनि मार्गको क्षेत्रमा अनुसन्धान भइरहेको छ रे । जिनको मार्ग कस्तो छ भन्ने विषयमा नयाँ अनुसन्धान भइरहेको चर्चा चल्न थालेको छ। यदि यस अनुसन्धानमा सफलता प्राप्त भयो भने मानिसको जिनबारे धेरै तथ्य सार्वजनिक हुने देखिएको छ। मानिस कहाँबाट, कसरी आएको हो ? कुन जाति कहाँको मूल बासिन्दा हो, कुन जातिमा कुन जातिको रक्तको मिश्रण भएको छ भन्ने धेरै कुराहरू विभिन्न आधारमा आइरहेका छन् तर यिनीहरूबारे ऐतिहासिक तथ्यबाहेक अन्य कुनै आधार फेला पर्न सकेको छैन । वैज्ञानिक प्रमाण आउन बाँकी छ अझै । र, अब यही भनिन थालिएको छ कि अब जिनमार्गको विषयमा अनुसन्धान भइरहेको छ । अनुसन्धानको नतीजा यदि छिट्टै आयो भने छिट्टै नै जिनमार्गबारे दुनियाँलाई थाहा हुनेछ। अहिले भइरहेका विभिन्न अडकलबाजी वा भन्ने गरिएका सत्यहरूबारे धेरै नयाँ कुरा प्रकाशमा आउने विश्वास गरिएको छ। वास्तवमा यो आवश्यक छ वा छैन भन्ने विषयमा पनि बहस चलिरहेको छ र यही बहसको बीचमा यो अनुसन्धान पनि अगाडि बढिरहेको बताइएको छ।

पुरानो आर्यावर्त वा अहिले दक्षिण एशिया भनिएको मूल क्षेत्रमा बसोवास गरिरहेका जातिहरूको उत्पत्तिस्थल के हो भन्नेबारे विवादहरू रहेका छन्। यस विषयमा दुई किसिमका विचार वा तर्कहरू मूलरूपमा प्रचलनमा रहेका छन्। एक मत यो रहेको छ कि हडप्पा र मोहनजोदारो हुँदै एउटा समूह यस क्षेत्रमा बसोवास गर्न आएको हो। यो समूहले नै यस क्षेत्रमा मानव बसोवास बसाएको हो। अर्को तर्क वा विचार यो रहेको छ कि त्यताबाट मानवको समूह आउनुभन्दा पहिले यस क्षेत्रमा नै आदिवासी बसोवास गरिरहेका थिए । आर्यहरू बाहिरबाट आएका हुन् भने अनार्यहरू यही धरतीमा पहिलेदेखि नै बसोवास गरिरहेका थिए। कोही हिमालयतिरबाट आएका छन् भने कोही समुद्रतिरबाट । कोही पुराना बासिन्दा र नयाँ आएका बासिन्दाबीच संयोगले बनेको नयाँ जाति हो। कतिपय नयाँ जातिले पुरानो जातिलाई आफ्नो पुरानो थातथलोबाट धपाएको इतिहास पाइन्छ वा कतिपयले आफू नै पुरानो बासिन्दा रहेको पनि बताउने गरेका छन्। वास्तविकता त यसलाई पनि मानिएको छ कि तथ्य एउटा हुने तर लेख्नेले वा बलशालीले तथ्यलाई आफू अनुकूल विश्लेषण गर्ने अथवा तथ्य एउटा हुँदाहुँदै बलको भरमा विश्लेषण गरेर अरूलाई त्यही मान्न बाध्य पारेको पनि हुन सक्छ। यो असम्भव पनि छैन कि जमानामा लेख्नेले जे लेखिदिए, पछिका विद्वान्हरूले त्यसैको विश्लेषण गर्न थाले, त्यसैलाई सत्य मान्न थाले। यो कुरो त सोह्रै आना सत्य छ कि आफू अनुकूल लेख्ने वा लेखाउने काम भने धेरै पहिलेदेखि चल्दै आएको छ। सुकरातको जमानामा पनि सत्यलाई स्वीकार गर्ने साहस धेरैमा हुँदैनथ्यो। वर्तमानमा पनि यसलाई पूर्ण असत्य मान्न सकिँदैन कि सोह्रै आना सत्य विश्लेषण गर्नेहरू छन् । फेरि विश्लेषणको आधार सापेक्ष हुने गर्दछ। विश्लेषण पनि निरपेक्ष हुन सक्दैन । यसरी पहिलेका विश्लेषणहरूलाई अहिले पुनः विश्लेषण गर्दा पनि एकरूपता पाइएको छैन।

हाम्रो समाजमा धार्मिक आस्था तथा धार्मिक ग्रन्थहरूले पनि मानवको उत्पत्ति तथा तिनको फैलावटबारे आफ्नै किसिमले विचारहरू दिइएका छन् । विभिन्न धर्ममा मानवको उत्पत्ति र विस्तारका विषयमा आएका विचारहरूमा एकरूपता नभएको अवस्था छ । आज पनि धार्मिक ग्रन्थका यस्ता कुरामाथि धेरै मानिसको श्रद्धा, सम्मान र विश्वास रहेको छ। धार्मिक ग्रन्थको विचारमाथि कसैले प्रहार गर्नुहुँदैन । धार्मिक आस्था र श्रद्धामा चोट पुऱ्याउने काम गर्नुहुँदैन भन्ने कुरामा लगभग आम सहमति रहेको छ । धर्म तथा धार्मिक ग्रन्थहरूमा विविधता भएझैं र विभिन्न उपत्यका, समुद्रको दूरी आदि हेरेर सबै मानिस एकै किसिमको नरहेको वर्तमानले मानिसको उत्पत्तिको कथा पनि फरक हुन सक्ने अनुमानहरू रहेका छन्। यी अनुमान वा तर्कहरू कति अविश्वसनीय वा कति सत्य छन् भन्ने कुराहरू पनि केवल तर्कमा रहेका छन्।

अब जिनमार्गबारे अनुसन्धानको कुरो आइरहेको र आगामी एक डेढ दशकमा यस अनुसन्धानले पूर्णता पाउने विश्वास गरिएको वर्तमानले यदि प्रामाणिक सत्य रूप ग्रहण गर्दछ भने निश्चय नै अनेक किसिमका मिथकहरूमाथि विराम लाग्ने छ। अहिले जसरी कसैको जिन परीक्षण हुन्छ, डिएनए परीक्षण हुन्छ। जिन तथा डिएनए परीक्षणलाई यही जिनमार्ग अनुसन्धानको फराकिलो राजमार्गको रूपमा रहेको मानिँदैछ । डिएनए तथा जिनको परीक्षणप्रति प्रायः सबैले विश्वास गरेका छन् । विज्ञानको यस देनले धेरै समस्यालाई समाधान गरेको छ । अझै पनि केही जटिलताहरू रहेका छन् र सामाजिक समस्याहरू रहेका छन्। यस अनुसन्धानले यस्ता केही जटिलता तथा सामाजिक समस्या समाधान गर्ने कुरामा विश्वास लिइएको छ । जिनमार्गबारे धेरैको जिज्ञासा कालान्तरमा समाधान हुँदै जाला भन्ने विश्वास पनि रहेको छ।

# बुबाको मुख हेर्ने दिन अर्थात् कुशे औंसी

मन्तव्य



राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com

> **नेपालीहरूले आफ्ना बुबा, आमा, शिक्षक र परिवारका अन्य सदस्यहरूसँगको सम्बन्धलाई सम्मान गर्छन् । नेपालमा धेरैजसो हिन्दू धर्मका अनुयायीहरू रहेकाले अग्रजहरूको सम्झनामा विशेष दिन मनाइन्छ । उदाहरणको लागि कुशे औंसीलाई बुबाको दिन, मातातीर्थ औंसीलाई आमाको दिन, गुरुपूर्णिमालाई शिक्षकको दिन आदि ।**

नेपालीहरूले आफ्ना बुबा, आमा, शिक्षक र परिवारका अन्य सदस्यहरूसँगको सम्बन्धलाई सम्मान गर्छन् । नेपालमा धेरैजसो हिन्दू धर्मका अनुयायीहरू रहेकाले अग्रजहरूको सम्झनामा विशेष दिन मनाइन्छ । उदाहरणको लागि कुशे औंसीलाई बुबाको दिन, मातातीर्थ औंसीलाई आमाको दिन, गुरुपूर्णिमालाई शिक्षकको दिन आदि।

बुबाको मुख हेर्ने दिन अर्थात् कुशे औंसी वा पितृतर्पण औंसी वा गोकर्ण औंसी पनि भनिन्छ। गोकर्ण औंसी भनेको गाईको कान (गोकर्ण) हो र यो दिन चन्द्रमाको रात हुँदैन । यो नेपालमा अगस्तको अन्त्यमा वा सेप्टेम्बरको शुरूमा मनाइने पर्व हो, जहाँ हिन्दूहरूले भगवान् शिव र उनका आमाबुबाको अवतारलाई गाईको कानले पूजा गर्छन् भन्ने धार्मिक विश्वास गरिन्छ।

यस दिन नेपालीहरूले आफ्नो मनपर्ने खाना, आफ्नो मनपर्ने लुगा र आफ्नो बुबालाई मनपर्ने चीजहरू दिएर आफ्नो बुबाको पूजा गर्छन्। 'मुख हेर्नु'को अर्थ कसैलाई आफ्नो आफन्तको रूपमा स्वीकार गर्नु, व्यक्तिको उपलब्धिलाई सम्मान वा मान्यता दिनु हो।

यो एक विशेष दिन हो, हामी हाम्रो बुबालाई उनको हेरचाह र हामी (उनका छोराछोरी र उनको परिवार)ले उनको जीवनभर माया र सम्मान गर्छौं। त्यसैले यस दिनलाई 'बुबाको मुख हेर्ने दिन' भनिन्छ । मुख हेर्नुको शाब्दिक अर्थ मानिसको अनुहार हेर्नु हो।

उपहार दिनुको अतिरिक्त, बच्चाहरूले एक विशेष समारोह गर्छन्। उनीहरूले आफ्नो बुबाको खुट्टामा ढोग्छन् र छोरीहरूले हातमा ढोग्ने गर्छन् । छोरीहरूलाई मुख हेर्नुअघि हात मात्र छुनुपर्ने भएपनि धेरै मानिस गोकर्णस्थित गोकर्णेश्वर महादेवको शिव मन्दिरमा जान्छन्। काठमाडौंको उपनगर र नयाँ चन्द्रमा (अमावस्या)मा नुहाउने र बलिदान गर्ने श्राद्ध (वार्षिक मृत्यु अनुष्ठान)को आगमनलाई यसले व्याख्या गर्छ।

नेपाली चाडपर्वको पश्चिमी 'फादर्स डे'सँग कुनै सम्बन्ध छैन । कुशे औंसी हाम्रो आफ्नै मौलिकरूपको पर्व हो । आफ्नो बुबाको आराधनाको लागि यो विशेष दिन हो।

यस शुभ दिनमा छोराछोरी घरमा जान्छन् र आमाबुबासँग समय बिताउँछन्। घरेलु पकवान, मिठाइ, उपहार आफ्नो बुबालाई दिने गर्छन् । हिन्दू धर्ममा पिता, आमा र गुरुलाई भगवान्को स्थान प्राप्त छ। बाबा, पिता, वा बुबा गुरु, रक्षक र पालनकर्ता हुन्। अर्थात् पिता गुरु, संरक्षक र मुक्तिदाता हुन् । बुबाको मुख हेर्ने दिनलाई उनको सम्मानको नवीकरणको दिन पनि हो।

नेपालमा ७५ भन्दा बढी जातजाति छन्, जसका लगभग सबै परम्परा र भाषाहरू छन्। विभिन्न जातजाति र समुदायका मानिसहरूले आआफ्नो तरीकाले यस दिनलाई मनाउने गर्छन्।

कतिपय समुदायले बिहान सबेरै खाली पेटमा मनाउँछन् भने कतिपयले दिउँसो मनाउँछन्। तर सबै समुदायले स्वादिलो खानेकुरा तयार पारेर पितालाई खुवाउँछन्। आफ्नो बुबालाई गुमाएकाहरूले यो दिनमा पण्डितलाई सिधा दान गर्छन्।

कुशलाई हिन्दू धर्ममा पवित्र बोटको रूपमा लिइन्छ । भक्तहरूले यसलाई भगवान् विष्णुको मूर्तिको रूपमा मान्छन्, जसले घरमा सौभाग्य ल्याउँछ। त्यसैले गोकर्ण औंसीको दिन नै मानिसहरू घरमा कुश ल्याउँछन् । विशेषगरी त्यो कुश जुन पुजारीले काटेका हुन्छन् । त्यही कारणले यो दिनलाई कुशे औंसी पनि भनिन्छ। औंसीको दिनले नेपाली समाजमा कुनै न कुनै रूपमा प्रभाव पारेको हुन्छ। नेपाली संस्कृतिमा एउटा धारणा छ कि जसका बुबाआमा जीवित छन्, उनीहरूले औंसीको दिन नुहाउनुहुँदैन । त्यस दिन नुहाउनाले आमाबुबाको जीवन घट्छ भन्ने मान्यता छ। जसको कारणले मातापिता गुमाएकाले यस दिन नुहाउनुपर्छ भन्ने शास्त्रमा लेखिएको छ। समाजका मूल्य र मान्यताहरू बिस्तारैबिस्तारै स्खलित भइरहेका अवस्थामा हामीले आफ्नो मौलिक चाडपर्वलाई हर्षोल्लासका साथ मनाउनुपर्छ भन्ने चेत सबैमा आओस्। यो दिनको सबैमा शुभकामना।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# सुन प्रकरण : ५० जनालाई प्रतिवादी बनाउन राय

## ३६२ किलो सुन तस्करी भएको खुल्यो

काठमाडौं, २७ भदौ/रासस

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान


तस्वीरः फाइल

ब्यूरो (सिआइबी)ले झन्डै ६१ किलो सुन तस्करी प्रकरणमा ५० जनालाई प्रतिवादी बनाउन रायसहितको प्रतिवेदन तयार



पारेको छ । उनीहरूमाथि विभिन्न सातवटा कसूर लगाउन सिफारिश गरिएको छ ।

उक्त प्रकरणमा आरोपीहरूमाथि हालसम्म भन्सार ऐन, सङ्गठित अपराध, नेपाल राष्ट्र बैंक ऐन, अपराधसंहिता, नेपाल नागरिकता ऐन, राहदानी ऐन र अध्यागमन ऐन अनुसार कारबाहीका लागि सिफारिश गर्नेगरी अनुसन्धान प्रतिवेदन तयार पारिएको सिआइबीका प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले जानकारी दिइन् ।

बुधवार आयोजित पत्रकार सम्मेलनमा उनले अनुसन्धानका क्रममा अहिलेसम्म गिरोहहरूले विभिन्न सातवटा कम्पनीबाट ३६२ किलो (३०२ र ६० किलो)भन्दा बढी सुन तस्करी गरेको खुलेको पनि जानकारी दिइन् । प्रहरी अतिरिक्त महानिरीक्षक बज्राचार्यका अनुसार त्यसलाई हिसाब गर्दा अहिलेको मूल्यमा रु तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५५२ बराबरको सुन तस्करी भएकाले सो रकमलाई बिगो कायम गरी मुद्दा अघि बढाउन पनि राय दिइएको छ।

उक्त अटनामा अहिलेसम्म ३२ जना पक्राउ परेका छन् । त्यसमध्ये २३ जना नेपाली र नौजना विदेशी रहेकामा १८ जना फरार रहेका उनको भनाइ थियो ।

**सुन तस्करीबारे ४२ जनाको टोलीबाट अनुसन्धान**

उक्त प्रकरणमा प्रत्यक्षरूपमा ४२ जनाको टोलीले ३५ दिनसम्म अनुसन्धान गरेको सिआइबीले जनाएको छ । सिआइबी प्रमुख बज्राचार्यले प्राविधिक पाटोसहितलाई हेरेर अझै वैज्ञानिक बनाउने काम गरिएको बताइन् । उनका अनुसार अनुसन्धानका साथै विशेषज्ञ टोलीलाई समेत राखेर वैज्ञानिक तरीकाले अनुसन्धान गरिएको छ । त्यसपछि अपरेसनल टोलीले विभिन्न ठाउँमा पक्राउ तथा बरामद गर्ने, लोकेशन भेरिफाई गर्नेलगायत काम गरेको, अर्को डकुमेन्टेसन टोलीले अभियोजनलगायत कामलाई कानूनसम्मत बनाएको र आन्तरिक तथा बाह्य समन्वयको टोलीले समेत सहयोग पुर्‍याएको सिआइबी प्रमुख बज्राचार्यले जानकारी दिइन् ।

उक्त सुन प्रकरणको अनुसन्धान टोलीका संयोजक प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले तस्करहरूले शुरूमा ट्रायल गरेर परीक्षण गरेपछि मात्रै सुन तस्करी गरेको पाइएको बताए । विभिन्न सातवटा कम्पनीबाट सुन तस्करी भएको र अहिले रेडी ट्रेडका नाममा आएको सुनको मात्रै अनुसन्धान सकिएको तर बाँकी अनुसन्धान जारी रहने उनको भनाइ थियो । तहगतरूपमा मान्छे तयार पारेर तस्करी गरेको पनि पाइएको चर्चा गर्दै संयोजक थापाले ती कम्पनीले अटो पार्टमा सुन ल्याएको, हङकङमा रहेको कार्गो कम्पनीले सुन पठाएको र लाजिम्पाट तथा टोखामा लगेर गाल्ने गरिएको तथ्य पनि फेला परेको बताए ।

भन्सारको भौतिक मूल्याङ्कन र जाँचपासका सबै प्रक्रियामा जोखिम व्यवस्थापन शाखाले मनिटरिङ गर्छ तर त्यहाँ संलग्न कर्मचारीहरू पनि अनुसन्धानको दायरमा रहेका छन् । सिआइबीले उक्त रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकीललाई बुझाएको थियो । गत साउन ३ गते राजस्व अनुसन्धान विभागको टोलीले हङकङबाट ब्रेक शुमा हालेर ल्याइएको उक्त सुन सिनामङ्गलस्थित भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो ।

विभागले आवश्यक अनुसन्धान सकेर १८ दिनपछि सुन प्रकरणको अनुसन्धानको जिम्मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)लाई दिएको थियो । ब्रेक शुसहितको सुन १५५ किलो भएको पाइए पनि गाल्दा ६० किलो ७१६ ग्राम पुगेको थियो । उक्त सुन अहिले राष्ट्र बैंकको संरक्षणमा रहेको छ ।

# क्यान्सरविरूद्धको "एचपिभी" खोप लगाउन थालियो

काठमाडौं, २७ भदौ/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले देशभरका सबै उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी'का खोप उपलब्ध गराउन मन्त्रालय प्रतिबद्ध रहेको बताएका छन् ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा बुधवार आयोजित कार्यक्रममा 'एचपिभी' खोपको शुभारम्भ गर्दै उनले निकट भविष्यमा सबै उमेर समूहका किशोरीलाई खोप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले गाभीले सन् २०२४ बाट खोपको पर्याप्त मात्रा सहयोग गर्ने प्रतिबद्धता आएको जानकारी दिए । "सीमित स्रोत र साधनका बावजूद हामीले एचपिभी खोप लगाउन शुरू गरेका छौं," उनले भने, "उमेर समूहलाई ध्यानमा राखेर दिने खोप, यो खोप ७७ जिल्लाका सबै महिला/किशोरीले पाउनुपर्छ । निकट भविष्यमा नेपालका सबै उमेर समूहका किशोरीहरूले यो खोप पाउनुपर्ने हुन्छ, त्यसका लागि मन्त्रालय दृढताका साथ अघि बढ्छ ।"


पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा बुधवार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी' खोप लगाउनका लागि नाम दर्ता गराउँदै स्वास्थ्यकर्मी । तस्बिरः रासस

मन्त्री बस्नेतले 'एचपिभी' खोप अस्पताललाई हस्तान्तरणपछि छजना किशोरीले खोप लगाए । मन्त्रालयका सचिव डा रोशन पोखरेलले खोपको मात्रा कम भए तापनि यसको समानुपातिक वितरण हुने जानकारी दिए । "बाग्मती प्रदेशमा प्रसूति गृह अस्पतालबाट सञ्चालन भएको छ । खोपको मात्रा सीमित भएपनि आवश्यक सबैलाई पुर्‍याउने मन्त्रालयको कोशिश हो," उनले भने ।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले विश्व स्वास्थ्य सङ्गठनमा गरेको




प्रतिबद्धता अनुसार रोगको उन्मूलनका लागि पनि खोप अपरिहार्य भएको बताइन् । उनले भनिन्, "२० हजार खोप छ, त्यसले नौ हजारजनालाई मात्र पुग्ने देखिन्छ । अन्तर्राष्ट्रिय प्रतिबद्धताका अनुसार पनि हामीले अर्कोपटक धेरै मात्रामा खोप भित्र्याएर धेरैभन्दा धेरै किशोरीलाई खोप उपलब्ध गराउनुपर्ने हुन्छ ।"

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्रले पहिलो मात्राका लागि उमेर खुलेको आधिकारिक प्रमाण पुग्ने कागजात लिएर खोप लगाउन पाइने जानकारी दिंदै अभिभावक, विद्यालय र अस्पताललाई सहजीकरण गर्न आग्रह गरिन् ।

परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले देशभरका छवटा सङ्घीय अस्पताल र सुदूरपश्चिम प्रदेशका लागि डडेल्धुरा अस्पतालबाट सुर्खेतका किशोरीलाई आजदेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' दिइएको हो । तर कोशी प्रदेशले बिहीवारदेखि खोप कार्यक्रम सञ्चालन गर्ने उनले जानकारी दिए ।

उक्त खोप १४ वर्ष उमेर पूरा भई १५ वर्ष पूरा नभएका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप 'डेमोस्ट्रेसन'का रूपमा दिइन थालिएको हो । उक्त खोप २०६५ भदौ ३० देखि २०६६ भदौ २० गतेसम्म जन्मेका किशोरीलाई दिइँदै छ ।

आज मधेस प्रदेशको वीरगंजस्थित नारायणी अस्पताल, बाग्मती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान र लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेबाट खोप लगाउन शुरू भएको हो । यस्तै, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा एचपिभी खोप लगाइनेछ । खोप अभियान यही भदौ ३० गतेसम्म सञ्चालन हुनेछ ।

यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो । 'ह्युमन प्यापिलोमा भाइरस'ले गर्दा हुन सक्ने महिलाको पाठेघरको मुख, यौनाङ्गको क्यान्सर तथा यौनाङ्गमा हुने मुसाबाट खोपले बचाउँछ । नेपालमा महिलालाई पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने गर्छ । सरकारले गत असारमा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउनका लागि २० हजार मात्रा खोप चीनबाट ल्याएको थियो । आज पहिलो मात्रा दिइने र छ महीनापछि दोस्रो मात्रा खोप दिइनेछ ।

एचपिभी खोप लगाएपछि किशोरीमा खोप लगाएको ठाउँमा दुख्ने तथा सुन्निने, टाउको दुख्ने, वाकवाकी लाग्ने, थकान महसूस हुने, रिङ्गटा लाग्ने, ज्वरो आउनेजस्ता समस्या देखिने गर्छन् । खोप एलर्जी भएमा वा पहिलो मात्रा लगाएर कडा किसिमको प्रतिक्रिया भएमा, ज्वरो आएको अवस्थामा र गर्भवती अवस्थामा खोप नलगाउन आग्रह गरिएको छ ।


**बाँध निर्माणस्थल** : तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मिटर क्षमताको तनहुँ जलविद्युत् आयोजनाको बाँध निर्माणस्थल । सेती नदीको दायाँ र बायाँतर्फबाट पहाड काट्ने तथा खन्ने र आवश्यक सपोर्टका लागि सटक्रिट, वायरमेश तथा रिब्स जडानका काम भइरहेको छ । तस्वीरः रासस

# नेप्से परिसूचक ३९ दशमलव ४८ अङ्कले बढ्यो




काठमाडौं, २७ भदौ/

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३९ दशमलव ४८ अङ्कले बढेर दुई हजार सात दशमलव ०६ अङ्कमा कायम भएको छ । नेप्सेका अनुसार बुधवार २७५ कम्पनीका ५१ लाख ४४ हजार ७२४ कित्ता शेयर ३६ हजार ४५ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ४९ करोड ५५ लाख २१ हजार ९०५ बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा सबै समूहको उपसूचकमा हरियाली देखिएको छ । जसमध्ये जलविद्युत् समूहको उपसूचक सबैभन्दा धेरै तीन दशमलव ६२ प्रतिशत र वित्त समूहको उपसचूक तीन दशमलव २० प्रतिशतले बढेको छ ।

वरुण हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै शुभम् पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत, समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ८६, अरुण काबेली पावर लिमिटेडको नौ दशमलव ०३ प्रतिशत र अपि पावर कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव २९ प्रतिशतले बढेका छन् ।

आजको कारोबारमा श्री स्टार हाइड्रोपावर लिमिटेड कम्पनीको शेयर मूल्य सबैभन्दा धेरै आठ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा एनआइसी एशिया बैंक लिमिटेडको रु सात करोड ९३ लाख २५ हजार ३४७ बराबरको शेयर किनबेच भएको छ ।

यो साता शेयर बजारमा तीव्र उतारचढाव देखिएको छ । आजको कारोबारपछि बजार पूँजीकरण रु ३० खर्ब चार अर्ब ६२ करोड ५२ लाख ३८ हजार ३२६ पुगेको छ ।

# रहस्यमय रोग सेप्सिसको बढ्दो सङ्क्रमण

विश्व सेप्सिस दिवस

-प्रभा गौतम

**सेप्सिस कुनै रोग नभई रोगहरूको एकीकृत समूह हो। कडा, जटिल रोगको सङ्क्रमणले मात्र नभई साधारण सानो मानिने वा देखिने रोगको सङ्क्रमणबाट समेत सेप्सिस हुन सक्छ। यदि चिकित्सकले बिरामीको मृत्युका कारण सङ्क्रमण फैलिएर भएको जवाफ दिए बुझ्नुस् तपाईंको बिरामी सेप्सिसको शिकार भएको छ भनेर।**


मानिसको शरीरमा लाग्ने विभिन्न रोगहरूमध्ये केही कम खतरनाक हुन्छन् त केही धेरै खतरनाक र घातक हुन्छन्। साधारणतः केही रोग नियमित औषधिसेवनबाट निको हुन्छन् भने कतिपय निको नहुने पनि हुन्छन्। क्यान्सर, क्षयरोग, एचआइभी एड्स, मस्तिष्कघात, हृदयघात, कोभिड, डेङ्गुजस्ता रोगहरूबाट मानिसको ज्यानै पनि जान सक्छ। कतिपय रोगहरूका बारेमा आम मानिस अनभिज्ञ छन्। 'सेप्सिस' एउटा यस्तो रोग हो, जसका बारेमा धेरैलाई थाहै नभएकाले यसलाई 'रहस्यमय रोग' पनि भन्ने गरिन्छ। आम सर्वसाधारण त के मेडिकल शिक्षा पढेका चिकित्सक वा स्वास्थ्यकर्मीमा समेत सेप्सिसका बारेमा अन्योलता रहेको पाइन्छ।

पछिल्लो समय विकसित राष्ट्रसहित मध्यम र कम आय भएका मुलुकमा समेत भयावह र तीव्र गतिमा सेप्सिस रोग फैलिरहेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर अर्बौं मानिस यस रोगको शिकार भएका छन् भने करोडौंको मृत्यु भएको छ। कुनै पनि भाइरल वा फङ्गल सङ्क्रमणका कारण शरीरमा देखिने असामान्य प्रतिक्रिया नै सेप्सिस हो। मानिसको शरीरमा कुनै पनि रोगविरुद्ध दिइने एन्टिबायोटिकका कारण हुने सङ्क्रमण वा एलर्जीलाई सेप्सिस भनिन्छ।

सेप्सिस कुनै रोग नभई रोगहरूको एकीकृत समूह हो। कडा, जटिल रोगको सङ्क्रमणले मात्र नभई साधारण सानो मानिने वा देखिने रोगको सङ्क्रमणबाट समेत सेप्सिस हुन सक्छ। यदि चिकित्सकले बिरामीको मृत्युका कारण सङ्क्रमण फैलिएर भएको जवाफ दिए बुझ्नुस् तपाईंको बिरामी सेप्सिसको शिकार भएको छ भनेर। साधारण अर्थमा सेप्सिस भनेको हाम्रो शरीरको कुनै अङ्गमा कुनै रोगको सङ्क्रमण भयो र त्यो सङ्क्रमणले शरीरका अन्य महत्त्वपूर्ण अङ्गमा असर पुर्‍याउने प्रक्रिया हो। यसलाई मेडिकल भाषामा सेप्सिस भनिन्छ। सेप्सिसलाई लाइफ थ्रेटनिङ अर्गान डिस्फक्सन पनि भनिन्छ।

सङ्क्रमण हुँदैमा सेप्सिस भई हाल्दैन। तर सही समयमैं उपचार हुन सकेन र सङ्क्रमणले शरीरका अन्य अङ्गको कार्यलाई बाधा गर्ने थाल्यो भने सेप्सिस भएको भनी बुझ्नुपर्दछ। सेप्सिस सङ्क्रमणपछि आफ्नो शरीरको कार्यले आफ्नै शरीरका अन्य तन्तु र अङ्गहरूलाई चोट पुर्‍याउँछ। जिएसएको तथ्याङ्क अनुसार विश्वभर प्रत्येक २.८ सेकेन्डमा एकजनाको सेप्सिसका कारण मृत्यु हुने गरेको छ। अर्थात् विश्वभर पाँचमध्ये एकजनाको मृत्यु सेप्सिसबाट हुने गरेको छ।

यसैगरी, विश्वभरिमा सेप्सिसबाट बर्सेनि एक करोड १० लाख मानिसको मृत्यु हुने र चार करोड ९० लाख मानिस सेप्सिसबाट सङ्क्रमित र चार करोड ७० लाखदेखि पाँच करोड मानिस सेप्सिसबाट प्रभावित हुन्छन्। करीब ४० प्रतिशत पाँच वर्षमुनिका बालबालिका सेप्सिसबाट सङ्क्रमित हुने तथ्याङ्क छ। विश्वभर हुने मृत्युमध्ये २० प्रतिशत सेप्सिसको कारण भएको विश्व स्वास्थ्य सङ्गठनले पनि जनाएको छ।




नेपालमा हरेक वर्ष आइसियूमा भर्ना भएकामध्ये ३० प्रतिशत बिरामीको मृत्यु सेप्सिसका कारण हुने गरेको एनसिसिडिएफले जनाएको छ। मानिसको शरीरमा रोगविरुद्ध लड्ने तत्त्वहरूले गर्ने कार्य अस्वाभाविकरूपमा बढ्छ र त्यसको असरले रोग प्रतिरोधात्मक क्षमता (इम्युन पावर) कम हुँदै जाने अवस्थालाई सेप्सिसको पहिलो चरण वा 'सेप्सिस' भनिन्छ। यो अवस्थामा मानिसको फोक्सो, कलेजो र मिर्गौलालगायतका शरीरका महत्त्वपूर्ण अङ्गमा असर गर्दछ।

अर्को चरण भनेको आकस्मिक स्थिति अर्थात् थर्ड स्टेज जसलाई 'सेप्टिक सक' भनिन्छ। यसमा सङ्क्रमण तीव्र गतिले फैलिरहँदा शरीरका अङ्गलाई चाहिने रगत, अक्सिजन र पोषक तत्त्वलगायतका तत्त्वको कमी भई बिरामीको मृत्युसम्म हुन्छ। सेप्टिक सकको अवस्थामा बिरामीको मृत्युदर ३० देखि ५० प्रतिशतसम्म हुन्छ।

**सेप्सिसका लक्षणहरू**

सेप्सिसको लक्षणलाई पहिचान गरेर समयमैं उपचार नगर्दा हामीले कल्पना गरेकोभन्दा भयावहको रूप लिन सक्छ। ब्याक्टेरिया, रगतमा प्लेटलेट्स कम हुनु, पिसाबको मात्रा कम हुनु, श्वासप्रश्वासमा गाह्रो हुनु, मुटुको चालको काम गर्ने क्षमतामा कमी हुनु, छिटोछिटो श्वास फेर्नु, अर्धचेत हुनु, सोच्ने क्षमतामा परिवर्तन आउनु, चीसो लाग्नेजस्ता लक्षण देखिएमा सेप्सिस हुन सक्छ। यस्तो रोगको सङ्क्रमण भएका बिरामीमा ज्वरो आउने, छटपटी हुनु वा बेचैनी हुने, श्वासप्रश्वासमा समस्या हुने, न्यून रक्तचाप वा मुटुको धड्कन छिटो बढ्नु (हाइपोटेन्सन), छालाबाट अत्यधिक पसिना आउने, चक्कर वा रिङ्टा लाग्नेजस्ता लक्षणहरू पनि देखा पर्न सक्छन्। शरीरमा यस्ता कुनै लक्षणहरू देखा परेमा तुरुन्तै चिकित्सकको सम्पर्कमा पुग्नुपर्दछ। सेप्सिसविरुद्ध जति चाँडो उपचार शुरू हुन्छ, निको हुने सम्भावना त्यति नै बढी हुन्छ।

यी सेप्सिसका सामान्य लक्षणहरू देखेपछि हेलचेक्र्याइँ नगरी समयमैं उपचार गर्नुपर्दछ। यदि गरिएन भने यसले 'सेप्टिक सक'को रूप लिन्छ र शरीरमा सङ्क्रमण फैलिएर बिरामीको ज्यानै जान सक्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विशेषगरी पाँच वर्षमुनिका बालबालिकामा सेप्सिसका कारण उनीहरूलाई खाना खुवाउन र पिसाब फेर्न गाह्रो हुने गर्दछ भने उनीहरूले बारम्बार बान्ता गर्ने गर्छन्। बालबालिकाहरूमा सेप्सिस हुँदा छिटोछिटो श्वास फेर्नु, शरीरको अनियमित गति हुनु, छाला पहेंलो हुनु, शरीरको शक्ति कम हुनु, स्पर्श गर्दा चीसो महसुस हुने गर्छ।

शरीरमा सङ्क्रमण भई ज्यान नै जोखिममा पार्ने घातक सेप्सिसबारे समयमैं सचेत हुनुपर्छ। जुनसुकै उमेर, समूह र लिङ्गका मानिसलाई सेप्सिस हुन सक्छ। विशेषगरी रोग प्रतिरोधक क्षमता कम भएका, मधुमेह, क्यान्सर, अङ्ग प्रत्यारोपण भएका बिरामी, सघन उपचार कक्ष आइसियूका बिरामी, एचआइभी एड्सलगायत दीर्घरोगका बिरामी, बूढाबूढी एवं बालबालिका उच्च जोखिममा पर्छन्। गम्भीर घाइते भएका मानिस, वृद्ध र बालबालिका, गर्भवती र सुत्केरी, कलेजो, मिर्गौला रोगबाट पीडित बिरामीमा सेप्सिसको जोखिम बढी हुन्छ।

सेप्सिससँग सम्बन्धित रोगहरूमा श्वासप्रश्वासको सङ्क्रमण समावेश हुन्छ। निमोनिया वा फोक्सोको सङ्क्रमण, पेटको सङ्क्रमण, मिर्गौलाको सङ्क्रमण, रगतको सङ्क्रमण र घाउ चोट वा जलेको ठाउँबाट सङ्क्रमण फैलिन्छ। यदि कसैलाई सेप्सिसका लक्षणहरू देखिएमा चिकित्सकबाट रोगको निदान गर्न र यसको गम्भीरता पत्ता लगाउन विभिन्न परीक्षण गराउनुपर्छ। रगत, पिसाब, खकार, घाउ, छातीको एक्स-रे, सिटी स्क्यान, अल्ट्रासाउन्ड आवश्यक भएमा एमआरआईसमेत गर्नुपर्ने हुन्छ। सेप्सिस पहिचान भएको बिरामीले एक घण्टाभित्र उपचार पाएमा मृत्युदरमा १५ देखि २० प्रतिशतसम्म कमी गर्न सकिने चिकित्सकको भनाइ छ।

**सेप्सिसबाट बच्ने उपाय**

भनिन्छ नि रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो। केही सामान्य कुरामा ध्यान दिनसके सेप्सिसबाट बच्न सकिन्छ। यसका लागि आफ्नो जीवनशैलीमा परिवर्तन भने गर्नुपर्छ।

-प्रशस्त मात्रामा फलफूल, सागसब्जी, पोषणयुक्त अन्न, फ्याट कम भएका डेरी उत्पादनहरू र प्रोटिनयुक्त सन्तुलित आहार खाने,

-चिकित्सकले निर्देशन दिए अनुसार प्रेस्क्रिप्सनमा उल्लिखित औषधिहरू मात्र खाने,

-चिकित्सकले एन्टिबायोटिक, एन्टिभाइरल वा एन्टिफङ्गल औषधि सिफारिश गरेको छ भने चिकित्सकको निर्देशनहरू सावधानीपूर्वक पालना गर्ने यदि निको भएको महसूस भएमा पनि औषधि बीचैमा खान नछोड्ने। औषधिको पूरै डोज सेवन गर्ने,

-प्रत्येक वर्ष फ्लू र इन्फ्लुएन्जाका खोप लगाउने,

-साबुन र पानीले बारम्बार हात धुने। यदि साबुन र पानी उपलब्ध छैन भने सेनिटाइजर प्रयोग गर्ने। बिरामीलाई छुनु अघि र पछि सङ्क्रमित कुराहरू छोएपछि अनिवार्य हात धुने,

-घाउ र चोटपटकलाई सफा राख्ने र यो पूर्णरूपमा निको नभएसम्म छोप्ने,

-सङ्क्रमित व्यक्तिहरूबाट टाढै रहने,

-धुम्रपान र मद्यपान सेवन नगर्ने,

-सङ्क्रमण भएको शङ्का लागेमा नजीकैको स्वास्थ्य संस्थामा गएर स्वास्थ्य सल्लाह लिने,

-सेप्सिसबारे जनचेतना फैलाउने।

सेप्सिसको रोकथामका लागि सरसफाइ पहिलो शर्त हो भने दोस्रो शर्त जनचेतना। सेप्सिस सङ्क्रमण जति फैलिंदै गयो, त्यति जटिल बन्दै जाने रोग हो। अतः हाम्रो हरेक प्रयास सेप्सिसविरुद्ध लड्न, रोकथाम गर्न र प्रत्येक वर्ष करोडौंको जीवन बचाउनेतर्फ केन्द्रित हुनुपर्छ। सतर्क रहौं, सेप्सिसबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

**विश्व सेप्सिस दिवस**

सेप्टेम्बर १३ अर्थात् 'विश्व सेप्सिस दिवस'। सेप्सिसबारे जनचेतना फैलाउने मूल उद्देश्यका साथ ग्लोबल सेप्सिस एलायन्स (जिएसए)ले सन् २०१२ देखि विश्वभर सेप्टेम्बर १३ लाई विश्व सेप्सिस दिवसका रूपमा मनाउने गरेको छ। नेपालमा पनि सन् २०१२ देखि नेपाल क्रिटिकल केयर डेभलपमेन्ट फाउन्डेशन (एनसिसिडिएफ), क्रिटिकल केयर नर्सिङ एशोसिएशन अफ नेपाल (सिसिएनएएन) र नेप्लिज सोसाइटी अफ क्रिटिकल केयर मेडिसिन (एनएससिसिएम)ले यस दिन विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी विश्व सेप्सिस दिवस मनाउने गरेका छन्।

विगतझैं यस वर्ष 'सेप्सिसलाई रोकौं, जानौं, उपचार गरौं र निस्तेज पारौं' भन्ने सन्देशका साथ विश्व सेप्सिस दिवस नेपालमा पनि मनाइएको छ। सो अवसरमा सेप्सिस वाक र आइसियू सेप्सिस क्विजजस्ता जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ। कार्यक्रममा विभिन्न अस्पतालमा कार्यरत चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीको सहभागिता थियो।

(लेखक त्रिवि शिक्षण अस्पतालकी स्टाफ नर्स तथा सिसिएनएएनकी महासचिव हुन्। रासस)



शिव मूर्तिः पाँचपोखरी थाङपाल गाउँपालिका- ४ रैथाने मन्दिर परिसरमा अमेरिका निवासी राम श्रेष्ठको सहयोगमा निर्माण गरिएको भगवान् शिवको मूर्ति तस्वीरः रासस

## फरक समाचार

# वृद्धावस्थाबारे मिथक

उमेर बढ्नु एउटा अपरिहार्य प्रक्रिया हो। तर यसलाई लिएर केही अफवाह र मिथक पनि छ। यस लेखकमा मिथकबारे वास्तविक तथ्य प्रस्तुत गरिएको छ।

**(मिथक १) उमेर बढ्नुको अर्थ हो स्वास्थ्य खस्किनुः** यो एउटा व्यापक धारणा हो कि जसरी हाम्रो उमेर बढ्दै जान्छ र स्वास्थ्य पनि अनिवार्यरूपले बिग्रिंदै जान्छ। यद्यपि केही स्वास्थ्य समस्या उमेरको साथ बढी सामान्य हुन सक्छ तर यो कुनै ग्यारेन्टीयुक्त परिणाम होइन। उचित पोषण र नियमित व्यायामको माध्यमबाट स्वस्थ जीवनशैली बनाइराख्दा उमेर बढ्नुको साथसाथै तपाईंको समग्र स्वास्थ्यमा निकै सुधार हुन सक्छ।



**(मिथक २) बूढो कुकुरलाई कुनै तरीकाले सिकाउन सकिंदैनः** भनाइ छ, बूढो कुकुरलाई कुनै तरीका सिकाउन सकिंदैन अर्थात् उमेर बढेपछि सिक्न गाह्रो हुन्छ। तर यथार्थमा हाम्रो मस्तिष्क आजीवन सिक्ने र अनुकूलन गर्नमा समक्ष हुन्छ। कैयौं वृद्धले जीवनभरि नयाँ कौशल र ज्ञान प्राप्त गरिरहेका हुन्छन्।

**(मिथक ३) वृद्धहरू कम उत्पादक हुन्छन्ः** उत्पादकताको लागि आयु निर्धारण कारक हुनुहुँदैन। कैयौं वृद्ध व्यक्ति कार्यस्थलमा थुप्रै अनुभव र ज्ञान लिएर आउँछन्, जुन निकै मूल्यवान् हुन सक्छ। उत्पादकता उमेरसँग बढी कौशल र प्रेरणासँग सम्बन्धित हुन्छ।

**(मिथक ४) अनुहारमा चाउरी पर्नुः** यो सत्य हो कि छाला उमेरसँगै बदलिन्छ र चाउरीपनको विकास आनुवंशिकी, जीवनशैली र छालाको उचित हेरचाह आदिबाट प्रभावित हुन सक्छ। आफ्नो छालालाई चर्को घामको सम्पर्कबाट बचाउने र एउटा राम्रो छालाको हेरचाह गर्दा अनुहार तथा छालामा उपस्थित चाउरीपनलाई कम गर्न सकिन्छ।

**(मिथक ५) स्मरणमा ह्रासः** स्मरणशक्ति कमजोर हुनु बढ्दो उमेरसँग सम्बन्धित हुँदैन। उमेर बढदै जाँदा स्मृतिमा केही परिवर्तन सामान्य हुन्छ, तर मानसिक व्यायाम, स्वस्थ आहार र सामाजिकरूपमा सक्रिय रहनाले संज्ञानात्मक गिरावटलाई कम गर्न सकिन्छ।

**(मिथक ६) उमेर बढ्नुको मतलब एक्लोपनः** उमेर बढ्नुको मतलब यो होइन कि तपाईं एक्लै हुनुहुन्छ। भावनात्मक भलाइको लागि सामाजिक सम्बन्ध बनाउन र बनाइराख्न आवश्यक हुन्छ। सामाजिकरूपमा सक्रिय रहने थुप्रै उपाय छन्।

**(मिथक ७) सबै वृद्ध वयस्क एक सरह हुन्छन्ः** प्रत्येक व्यक्तिको उमेर बढ्दा अनुभव अनौठो हुन्छ। आनुवंशिकी, जीवनशैली विकल्प र स्वास्थ्य हेरचाह पहुँच जस्ता कारकले मानिसको उमेर बढ्ने तरीकालाई निकै प्रभावित गर्छ। यो महत्त्वपूर्ण हुन्छ कि वृद्ध वयस्कको बारेमा केवल उनीहरूको उमेरको आधारमा धारणा बनाउनुहुँदैन।

**(मिथक ८) बुढेसकाल एउटा गन्तव्यहीन जीवनशैलीको बराबर हुन्छः** जबकि उमेरको साथ शारीरिक गतिविधि बदलिन्छ, गतिशीलता र समग्र स्वास्थ्य बनाइराख्नको लागि सक्रिय रहनुपर्छ। कैयौं वृद्ध वयस्क नियमित व्यायाम र पैदल हिंड्ने, पौडी खेल्ने वा योगजस्ता गतिविधिमा संलग्न रहन्छन्।

**(मिथक ९) वरिष्ठ व्यक्ति प्रौद्योगिकीको उपयोग गर्न सक्दैनन्ः** पुराना पीढीले प्रौद्योगिकीलाई अपनाउन सक्दैनन्, यो विचार निकै पुरानो भइसकेको छ। कैयौं वरिष्ठ व्यक्ति प्रविधिप्रेमी हुन्छन् र जानकारीसम्म पुग्न स्मार्टफोन, ट्याबलेट र कम्प्युटरको प्रयोग गरिरहेका छन्।

**(मिथक १०) सेवानिवृत्तिको अर्थ हो निष्क्रियताः** सेवानिवृत्तिबाट नयाँ अनुभव र शोखको अवसर खुल्छ। कैयौं सेवानिवृत्त व्यक्तिले यस्तो कार्य पनि गर्छन्, जुन वर्षौंदेखि गर्न सकेका हुँदैनन्। सेवानिवृत्त भएपछि उनीहरू सक्रिय र पूर्ण जीवन बाँच्ने गर्छन्।

**(मिथक ११) वृद्धवृद्धा कम खुशी हुन्छन्ः** शोधबाट पत्ता लागेको छ कि वृद्ध जोडी प्रायः वैवाहिक सन्तुष्टिको उच्चस्तरमा हुन्छन्। वर्षौंदेखिको दम्पतीले मजबूत बन्धन विकसित गर्छन् र एकअर्काको आवश्यकतालाई राम्ररी बुझ्छन्।

**(मिथक १२) वृद्ध वयस्क दन्त चिकित्सककहाँ जानुपर्दैनः** मौखिक स्वास्थ्य कुनै पनि उमेरमा आवश्यक रहन्छ। दाँतको हेरचाह नगर्दा गिजाको रोग र दाँत खराब हुने समस्या हुन्छ। स्वस्थ मुस्कानको लागि नियमित दाँत जाँच गराउनुपर्छ।

**(मिथक १३) बुढेसकालको अर्थ हो असहायताः** बढी उमेर हुनु लाचारी होइन। कैयौं वृद्ध वयस्क स्वतन्त्र रहन्छन् र आफ्नो हेरचाह गर्न सक्षम हुन्छन्। केही परिस्थितिमा सहायताको आवश्यकता हुन सक्छ।

**(मिथक १५) बुजुर्ग भुलक्कड हुन्छन्ः** कहिलेकाहीं बिर्सिने बिमारी जोसुकैलाई हुन सक्छ, चाहे त्यो कुनै पनि उमेरको किन नहोस्। यो आवश्यक छैन कि संज्ञानात्मक गिरावटको सङ्केत हो।

**(मिथक १६) बुजुर्गहरूलाई रोमान्समा कुनै रुचि हुँदैनः** माया र रोमान्सको कुनै उमेरको सीमा हुँदैन। कैयौं वृद्ध वयस्क रोमान्टिक सम्बन्ध कायम राख्छन् र जोडी गुमाएपछि पनि साथीको खोजी गरिरहेका हुन्छन्।

**(मिथक १७) वृद्ध वयस्कलाई प्रविधि बुझ्न गाह्रो हुन्छः** यद्यपि अहिलेका वृद्धवृद्धा प्रविधिसँगै हुर्किएका छैनन् तर कैयौं वृद्धवृद्धामा सिक्ने क्षमता हुन्छ र उनीहरू उत्सुक पनि रहन्छन्। उनीहरू कम्प्युटर, स्मार्टफोन र अन्य उपकरणको उपयोग गर्नमा कुशल बन्न सक्छन्।

**(मिथक १८) उमेर बढ्दा वजन अपरिवर्तनीयरूपले बढ्छः** उमेरको साथसाथै चयापचय सुस्त हुन सक्छ तर वजन बढ्नु अपरिहार्य छैन। स्वस्थ आहार र नियमित व्यायाम कुनै पनि उमेरमा स्वस्थ वजन बनाइराख्नमा मदत गर्न सक्छ।

**(मिथक १९) वृद्धलाई वित्तीय साक्षरता सिकाउन सकिंदैनः** जीवनको हरेक चरणमा वित्तीय साक्षरता महत्त्वपूर्ण हुन्छ। कैयौं बुजुर्ग आफ्नो भविष्यलाई सुरक्षित गर्नको लागि वित्तीय योजना र निवेशको बारेमा सिक्न तयार हुन्छन्।

**(मिथक २०) उमेर बढ्नुको अर्थ हो, लक्ष्य निर्धारित गर्न बन्द गर्नुपर्छः** लक्ष्य निर्धारित गर्नु र त्यसको पछाडि पर्नु कुनै पनि उमेरमा उद्देश्यको भावना प्रदान गर्न सक्छ। वृद्ध वयस्कको सपना र आकाङ्क्षा जारी रहन सक्छ, चाहे उनी यात्रा गर्न चाहन्छन् वा कुनै नयाँ कौशल सिक्न चाहन्छन् अथवा स्वयंसेवा गर्न चाहन्छन्।

**निष्कर्षः** उमेर बढ्नु एउटा प्राकृतिक प्रक्रिया हो, जुन आफ्नो चुनौती र अवसरको साथै आउँछ। यी मिथकलाई टाढा गर्दै उमेर बढ्नेप्रति सकारात्मक र सक्रिय दृष्टिकोण अपनाएर व्यक्ति वर्षौंसम्म सन्तुष्टिपूर्ण जीवन जिउन सक्छन्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## नयाँ नक्शाले हिन्द–प्रशान्त क्षेत्रमा तनाव बढाउँदै

क्यानबेरा, २७ भदौ/एएनआई

चीनले हालै जारी गरेको राजनीतिक नक्शाले हिन्द–प्रशान्त क्षेत्रका देशको सार्वभौमसत्ता संरक्षणमा तनाव बढाउने भएको छ। बेइजिङको निर्णयले यस क्षेत्रमा द्वन्द्व भड्काउने भएकाले टकरावको बाटो त्यागेर अघि बढ्नु चीनका निम्ति पनि लाभदायी हुने विश्लेषकहरू बताउँछन्।




चीनको पछिल्लो कदमले दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)का सदस्य मुलुक रुष्ट भएका छन् भने बेइजिङका एशियाली प्रतिद्वन्द्वी जापान र भारतले पनि असन्तुष्टि जनाएका छन्। कूटनीतिक कामको उच्च सम्भावना छ।

चीनले नयाँ नक्शामार्फत दक्षिण चीन सागरका साथै जापान र भारतका केही भागसहित ९० भन्दा बढी क्षेत्रमा दाबी गरेपछि हिन्द–प्रशान्त क्षेत्रमा कूटनीतिक भिडन्त र सैन्य झडप सँगै हुने आशङ्का अस्ट्रेलियन नेशनल युनिभर्सिटीमा कानूनका प्राध्यापक डोनाल्ड रोथवेल व्यक्त गर्छन्। चीन र अमेरिकाबीच पहिलेदेखि नै जारी द्वन्द्वमा अमेरिकाले आसियान मुलुकको साथ पाउने उनी बताउँछन्। हिन्द–प्रशान्त क्षेत्रका साथै चीन र भारतबीच तनाव हुन नदिन कूटनीतिक प्रयास हुनुपर्नेमा उनको जोड छ।

चिनियाँ नक्शाले सशस्त्र द्वन्द्वलाई बढावा दिने प्राध्यापक रोथवेल ठान्छन्। चिनियाँ जनमुक्ति सेनाले नयाँ नक्शाका आधारमा चीनको सार्वभौमसत्ता र क्षेत्राधिकारको रक्षामा जोड दिन खोज्नेछन्, जसले टकराव निम्त्याउनेछ। आसियान मुलुकका डुङ्गा र पानीजहाज चीनले आफ्नो दाबी गरेको जलक्षेत्रमा रोकिएपछि द्वन्द्व बढ्ने उनी बताउँछन्।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले चिनियाँ तटरक्षकले हालै गरेको कारबाईको विरोध गरेका छन्। उनले चीनसँग सङ्घर्ष नचाहेको स्पष्ट गर्दै आफ्नो समुद्री अधिकार सुनिश्चित हुनुपर्ने बताएका छन्। आफ्नो समुद्री क्षेत्राधिकारलाई लिएर मलेशियाले पनि आवाज उठाएको छ। उसले चीनको दाबीलाई मान्यता नदिने स्पष्ट पारेको छ।

गत बिहीवार इन्डोनेशियाको राजधानी जाकार्तामा आसियान शिखर सम्मेलनका क्रममा भएको पूर्वी एशिया र आसियान–भारत शिखर सम्मेलनलाई सम्बोधन गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीले चीनलाई कडा सन्देश पठाउँदै कोभिड–१९ पछिको विधिमा आधारित विश्व व्यवस्थाका पक्षमा लाग्न आसियान नेताहरूलाई आह्वान गरेका थिए। उनले सबै देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका संयुक्त प्रयास अपरिहार्य भएको बताए।

यसअघि नै भारतको विदेश मन्त्रालयले उक्त नक्शाप्रति आपत्ति जनाउँदै आधारहीन नक्शाले आपसी सम्बन्धमा आघात पुग्ने बताएको थियो। नक्शा जारी भएपछि चीनसँगको सीमा क्षेत्रमा भारतले सैन्य अभ्यास आरम्भ गरिसकेको छ। यस्ता गतिविधिले जटिलता थप्ने प्राध्यापक रोथवेल बताउँछन्। रासस

## उत्तर कोरियाली नेता किम र रूसी राष्ट्रपति पुटिनबीच भेटवार्ता

मस्को, २७ भदौ/एएफपी

उत्तर कोरियाली नेता किम जोङ उन र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच साइबेरियाको अमुर क्षेत्रको रूसी अन्तरिक्ष केन्द्रमा भेट भएको छ। यो केन्द्र भ्लादिभोस्तकबाट करीब एक हजार किलोमिटर टाढा छ।

नेता किम कालो लिमोजिनमा कस्मोड्रोमको रकेट प्रक्षेपण गर्ने भवनमा आइपुग्दा राष्ट्रपति पुटिनले स्वागत गरेका थिए। दुवै नेताले मुस्कुराउँदै हात मिलाए र केही शब्दहरू आदानप्रदान गरे। क्रेमलिनको आधिकारिक टेलिग्राम च्यानलमा पोस्ट गरिएको भिडियोमा दुई नेताले हात मिलाउँदै गरेको देखिन्छ।

नेता किमले राष्ट्रपति पुटिनलाई उनको व्यस्त कार्यतालिकाका बावजूद पनि भ्रमणका निम्ति निमन्त्रण गरेकामा धन्यवाद व्यक्त गरे। यसबाट उत्तर कोरिया र रूसबीचको रणनीतिक सम्बन्ध र दुवै देशका समान प्राथमिकता प्रतिविम्बित भएका उनले उल्लेख गरे।

यसअघि रूसी राष्ट्रपति पुटिन र उत्तर कोरियाका सर्वोच्च नेता किमबीच सन् २०१९ मा भेटवार्ता भएको थियो। आजको द्विपक्षीय वार्तामा हतियार र सैन्य प्रविधि सम्झौता हुने अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रियजगत्ले एक्ल्याएका नेताद्वयले हतियार सम्झौता गर्न सक्ने प्रबल सम्भावना रहेको सुरक्षा विश्लेषकहरूले बताएका छन्। उनीहरूका अनुसार आफ्नो अभेद्य रेल चढेर रूस भ्रमणमा आएका नेता किमले उत्तर कोरियाका वरिष्ठ सैनिक अधिकारीलाई साथमा ल्याउनुको अर्थ हतियार वार्ता हो भन्ने स्पष्ट हुन्छ।

राष्ट्रपति पुटिनले पनि हतियारलगायत सबै विषयमा छलफल हुने पत्रकारहरूलाई बताएका छन्। हतियार आपूर्ति वा सैन्य–प्राविधिक सहयोगबारे छलफल हुन्छ कि भन्ने पत्रकारहरूको जिज्ञासामा उनले त्यस्तो जवाफ दिएका हुन्। नेता किमले उत्तर कोरियाको अन्तरिक्ष कार्यक्रम विकास गर्न चाहेको बताउँदै त्यस निम्ति भूउपग्रह सहयोग गर्ने उल्लेख गरे।

रूसी रक्षामन्त्री सर्गेई शोइगु गत जुलाईमा प्योङयाङको भ्रमणमा थिए। त्यस बेला र हालै द्विपक्षीय संयुक्त नौसैनिक अभ्यासको प्रस्ताव गरिएको छ। दुई नेताबीचको वार्तामा यी विषयका साथै खाद्यान्न सहायतालगायत विषयमा छलफल हुने अपेक्षा गरिएको छ। नेता किमका साथ कोरियाली पिपुल्स आर्मी मार्शल पाक जोङ चोन र युद्धक पदार्थ उद्योग विभागका निर्देशक जो चुन योङलगायत उच्च सैन्य अधिकारीहरू रहेकाले आपसी सैन्य सहयोग आदानप्रदानमा वार्ता केन्द्रित हुने प्रायः निश्चित रहेको विश्लेषकहरू बताउँछन्।

युक्रेनविरुद्धको युद्धमा रूसलाई गोलाबारुदलगायत हतियारको धेरै आवश्यकता परेको छ। विश्वका सबैभन्दा धेरै सैन्य सामर्थ्य भएका देशमध्येको एक उत्तर कोरियाले रूसलाई आफूसँग भएका तोप, गोली र रकेट प्रस्ताव गर्ने सम्भावना छ। प्योङयाङले पुराना क्षेप्यास्त्र पनि प्रदान गर्न सक्ने विश्लेषकहरू बताउँछन्। उत्तर कोरियाको हतियार भण्डारमा रूसलाई चाहिने यथेष्ट उपकरण छन् किनभने उत्तर कोरियाले सन् १९५३ मा कोरियाली युद्ध समाप्त भएयता कुनै युद्ध लडेको छैन। यसैबीच, उत्तर कोरियाली नेता रूसमा रहेका बेला दक्षिण कोरिया र जापानले उत्तर कोरियाको पूर्वी तटबाट प्योङयाङले छोटो दुरीका दुईवटा क्षेप्यास्त्र प्रक्षेपण गरेको घोषणा गरेका छन्। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कार्यनाश | वृष | उदरपीडा |
| मिथुन | मित्रमिलन | कर्कट | कान्तिक्षय |
| सिंह | सुयश | कन्या | खर्चवृद्धि |
| तुला | धनलाभ | वृश्चिक | कर्मप्राप्ति |
| धनु | अलमल | मकर | रोगभय |
| कुम्भ | व्यापारवृद्धि | मीन | शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## राष्ट्रिय भूमि अधिकार मञ्चको जिल्ला अधिवेशन

प्रस, पर्सागढी, २७ भदौ/

राष्ट्रिय भूमि अधिकार मञ्च, पर्साको तेस्रो जिल्ला अधिवेशन पर्सागढी नगरपालिकाको बडनिहारमा सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

मञ्चका जिल्ला अध्यक्ष दीपेश नेपालको अध्यक्षता भएको अधिवेशनमा राष्ट्रिय भूमि आयोग, पर्साका अध्यक्ष तबरेज अहमदले उद्घाटन गरेका थिए।

उनले नापी कार्यालय पर्साको असहयोगका कारण भूमिहीनहरूलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण गर्न नसकेको आरोप लगाए। उनले आफ्नो चाहना जतिसक्दो चाँडो लालपुर्जा वितरण गर्नु रहेको बताए। वर्षौंदेखि भूमिमा हकभोग गर्दै आएका भूमिहीनहरू विभिन्न चरणमा आयोग बने पनि लालपुर्जा पाउनबाट वञ्चित हुँदै आएकामा उनले दुःख व्यक्त गरे।

कार्यक्रममा पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकले पर्सागढीको हकमा नगरपालिकाभित्रका जग्गाहरू छुट्याउने कार्यमा डिभिजन वन कार्यालय, पर्साको असहयोग रहेको आरोप लगाए। उनले नगरपालिकाको तर्फबाट आफूहरूले सबै कार्य ठीक समयमा गरेको तर अन्य कारणले ढिला भएको बताए।

अधिवेशनले सञ्जय पहारीको अध्यक्षतामा ३१ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ। कार्यसमितिको उपाध्यक्ष बिन्दु श्रेष्ठ, सचिव मिन्टु चौधरी र कोषाध्यक्षमा तेतरी देवीलगायतका छन्। कार्यक्रममा वडाध्यक्ष सुकमान तामाङ, वडा सदस्य, सामाजिक अगुवालगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत मन्तव्य पारस चौधरी र सहजीकरण सञ्जय पहारीले गरेका थिए।

## जङ्गली जनावरको आतङ्क रोक्न सरकारलाई आग्रह

जनकपुरधाम, २७ भदौ/रासस

महोत्तरीको बर्दिबास नगरपालिका–९ पशुपतिनगरकी बिना सिंहको परिवारले कुनै बेला आफ्नो खेतबारीको नगदेबालीबाट मनग्गे आम्दानी गरिरहेको थियो तर अचेल जङ्गली जनावरका कारण आफ्नै लागि खान पुग्ने तरकारीसमेत उब्जाउन समस्या छ। जङ्गली जनावर नीलगाई, बँदेल र बाँदर बस्ती पसेपछि समस्या भएको सिंहको भनाइ छ।

"पहिले हाम्रो परिवार र यहाँका अरू किसानले पनि आलु, फर्सी, परवललगायत दलहन बालीबाट राम्रो जीविका चलाइरहेका थियौं तर केही वर्षयता जङ्गली जनावर नीलगाई, बँदेल र बाँदरले केही उब्जनि हुन दिंदैनन्," सिंहले गुनासो गरे, "तीन/चार क्विन्टल दाल हुने खेतमा अहिले मुश्किलले १०/२० किलो जोगाउन सकिन्छ। बाँदरले त पहिले खेतबारीको बाली मात्रै खान्थ्यो अहिले ज्यूज्यान जोगाउनसमेत धौधौ छ।"

धनुषाको बटेश्वर गाउँपालिका–१ का दीपेन्द्र सिंहको परिवारले पनि धान, गहुँ, तरकारी बालीमा लगानी गरे अनुसारको प्रतिफल पाउन छोडेको धेरै भइसक्यो।

नीलगाईका कारण बर्सेनि बालीनालीमा क्षति पुऱ्याउने गरेपछि धेरै किसानले आँपखेती गर्न थाले पनि त्यसलाई समेत जोगाउन नसकिएको उनको गुनासो छ। "हामीले एकपटक १० कट्ठा जमीनमा बोडी लगाएका थियौं तर नीलगाईले एकरातमा सखाप गऱ्यो। आँप बगैंचा बनायौं, त्यसलाई पनि बाँकी राख्दैनन्। अहिले त आफ्नै बारीमा जान सक्दैनौं। बाँदरहरूले त भान्सामा रहेको खानेकुरा पनि छोड्दैनन्। अब हामीहरू कसरी बाँच्ने ?" उनले भने।

बिना र दीपेन्द्र मात्रै होइन नीलगाई र बँदेलबाट पीडित आफ्नो क्षेत्रका नागरिकको गुनासो सुनेर मुखियापट्टी मुसहरनियाँ गाउँपालिका धनुषाका अध्यक्ष जयकुमार यादवले निकै हैरानी खेप्नुपरेको छ। उनले नजीकै रहेको भारतीय जङ्गलबाट आउने नीलगाई र बँदेलले बालीनाली नष्ट गर्नुका साथै नागरिकमाथि आक्रमण गर्न थालेपछि निकै चुनौती बढेको बताए।

"जनावरले बालीनाली नष्ट गर्ने र नागरिकलाई आक्रमण गरेर दुःख दिने गरेका छन्। आफ्नो जीउज्यान जोगाउन ती जनावरलाई केही गरिहालेमा पनि उल्टै नागरिकलाई ल्याएर थुन्ने काम


तस्वीरः फाइल

हुन्छ। सङ्घ र प्रदेश सरकारको दायित्व पनि हो नि नागरिकको सुरक्षा गर्ने ! त्यसका लागि म सरकारलाई आग्रह गर्छु," यादवको आग्रह छ।

उल्लिखित गुनासा बुधवार जनकपुरमा आयोजित जङ्गली जनावरका कारण सिर्जित किसानका सवाल सम्बोधनका लागि प्रदेशस्तरीय गोष्ठीमा अभिव्यक्त गरिएका हुन्। कार्यक्रममा मिथिली वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले जङ्गली जनावरको बासस्थानमा भएको मानव अतिक्रमणका कारण जनावर सुरक्षा र खानेकुराको खोजीमा बेंसी झर्न थालेकाले त्यसको असर किसानलाई परेको बताए। उनले नीलगाई, बाँदर र बँदेललाई समयमैं नियन्त्रण गर्न नसके आगामी १० वर्षभित्र मधेसका कुनै किसानले पनि खेतीपाती गर्न नसक्ने अवस्था आउनेतर्फ सचेत गराउँदै समयमैं त्यसको व्यवस्थापनमा लाग्न सरकारलाई आग्रह गरे।

त्यसैगरी, अधिवक्ता तिलक अधिकारीले जङ्गली जनावरका कारण उत्पादनमा असर गरी नागरिकको खाद्य अधिकार नै कुण्ठित हुन सक्ने भन्दै समस्या समाधानका लागि तीनै तहका सरकारले रणनीतिक कार्यक्रम अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा खाद्य अधिकारका क्षेत्रमा कार्यरत फियान नेपालका अध्यक्ष गोकर्ण रूपाखेतीले मधेसमा बढ्दै गएको जङ्गली जनावरको समस्या समाधान गर्न स्थानीय तह एक्लैले नसक्ने भन्दै सरोकारवाला सबै सरकारी तथा गैरसरकारी संस्थाले सामूहिक पहल गर्नुपर्ने धारणा राखे।

त्यसैगरी, मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले प्रदेश सरकारको चालू नीति तथा कार्यक्रम र बजेटमा वन्यजन्तु व्यवस्थापनको कुरा उठे पनि सबै पक्षको छलफलबाट नयाँ ढङ्गले अगाडि बढ्न सकिने बताए। उनले आफूले प्रदेश सरकारलाई यस विषयमा ठोस कार्यक्रम अगाडि बढाउनका लागि ध्यानाकर्षण गर्ने तर तत्काल समस्या समाधानका लागि समुदायस्तरमा मौलिक उपायबारे पनि बहस हुन जरुरी रहेको बताए।

मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव जगन्नाथप्रसाद जयसवाल र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा नम्रता सिंहले वन्यजन्तुको बाँच्न पाउने अधिकार र नागरिकले भोग्नुपरेका समस्या समाधान गर्न आआफ्नो मन्त्रालयका तर्फबाट आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे।

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD637AE73M2E02430, इन्जिन नं CE7EM2603628 भएको वा.प्र.०३–०५–प २३१२ नम्बरको टिभिएको कम्पनीको अपाचे १६० सिसीको (सन् २०२१) रातो रङ्गको मोटरसाइकल २०८०/०५/२४ गते बिहान ३–७ बजे मिथिला नगरपालिका–६ ढल्केवरस्थित घर कम्पाउण्डबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. नम्बर ९८०१२२६६२६ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

-करण पाण्डे क्षत्री
वीरगंज महानगर-३, छपकैया

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कारागार कार्यालय पर्सा, वीरगंज

### कैदीबन्दीहरूको लागि औषधि आपूर्ति गर्न सिलबन्दी दरभाउपत्र पेश गर्नेबारेको सूचना

प्रथमपटक प्रकाशित मिति २०८०/०५/१२
दोस्रोपटक प्रकाशित मिति २०८०/०५/२८

यस कारागारमा रहेका कैदीबन्दीहरूको लागि यस आवमा औषधि खरीद (आपूर्ति) गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र इच्छुक औषधि व्यवसायी/फार्मेसीहरूले नोटरी पब्लिकबाट प्रमाणित औषधि व्यवस्थापन विभागको प्रमाणपत्र, फर्म दर्ता, व्यवसाय दर्ता, इजाजतपत्रहरूको हालसम्मको नवीकरण, आव २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्र VAT / PAN तथा सम्बन्धित कागजातहरू संलग्न गरी निवेदन साथ रु १,०००।– (फिर्ता नहुने गरी) दस्तुर यस कार्यालयमा बुझाइ दरभाउपत्रसम्बन्धी कागजातहरू कार्यालय समयमा मिति २०८०/०६/११ गतेसम्म प्राप्त गर्न सकिनेछ। आपूर्ति कार्यको लागत अनुमान रु १६,००,०००।– (सोह्र लाख मात्र) रहेको छ। धरौटी रकम रु ४०,०००।– तोकिएको खातामा जम्मा गरी रीतपूर्वक आएको दरभाउपत्रमा आवश्यक विवरण भरी सिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६औं दिन २०८०/०६/१२ गते दिनको १२:०० बजेसम्म दर्ता गराउन सकिनेछ। दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र सोही दिन दिनको १३:०० बजे खोलिनेछ। विस्तृत विवरणको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

# पिस भिलेजको लागि दलितबस्ती अनुगमन

प्रस, वीरगंज, २७ भदौ/

पिस फर दलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको समन्वय तथा इन्टरनेशनल युथ सोसाइटी, काठमाडौंको सहजीकरण र वर्ल्ड पिस कमिटी कोरिया एशोसिएशन, दक्षिण कोरियाको सहयोगमा पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिकामा पिस भिलेज निर्माण गरिने भएको छ।

दक्षिण कोरियाको मोडल अनुसार पिस भिलेज निर्माणको लागि आज सरोकारवालाहरूले बस्ती, गाउँ, टोलको स्थलगत अनुगमन गरेका थिए।

दक्षिण कोरियामा निर्मित पिस भिलेजको मोडेल अनुसार पर्सा जिल्लाका केही गाउँमा पिस भिलेज निर्माण गर्ने उद्देश्य रहेको र सोहीअनुरूप अनुगमन गरिएको बताइएको छ।

पिस भिलेज परियोजना अन्तर्गत गाउँमा घर, चर्पी, भान्सा कोठा, बाटो, नयाँ मोडल अनुसार गाउँ निर्माण तथा औद्योगिक क्षेत्र निर्माण, पशुपालन



तस्वीरः प्रतीक

गर्नेलगायतका कार्य रहेका छन्। एक स्थानमा ७० देखि १०० घरधुरीसम्म घर निर्माण गर्ने परियोजनाको लक्ष्य रहेको र यसबाट यहाँका दलितहरू लाभान्वित हुने बताइएको छ।

पिस भिलेज परियोजनाको लागि पर्सा जिल्लाको सखुवाप्रसौनी गापा–३ को कौवावनकटैया र वडा नं ५ महुवनमा अनुगमन तथा सर्भे गरिएको छ। त्यस्तै, गापा तथा वडा समितिसँग छलफल, बैठक गरी स्थान छनोट गरिने बताइएको छ।

अनुगमनमा वर्ल्ड पिस कमिटी कोरिया एशोसिएशनका अन्तर्राष्ट्रिय अध्यक्ष डा योसेप काङ, इन्टरनेशनल युथ सोसाइटी, काठमाडौंका डा पियारतन महर्जन, टीम सहयोगी राजु साह कलवार, पिस फर दलित्स फाउन्डेशन नेपालका अध्यक्ष, फाउन्डेशनका सदस्य, दलित महिला सदस्यलगायतको सहभागिता रहेको फाउन्डेशन, पर्साका अध्यक्ष मनोज रामले बताए।

# जीतपुर बजारको फूटपाथ अतिक्रमणमुक्त गरिँदै



तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, २७ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका–७ का अध्यक्ष सुनीलकुमार गुप्ताको अगुवाइमा जीतपुर बजारको फूटपाथमा राखिएका होडिङबोर्ड तथा पसलका सामग्रीहरू नियन्त्रणमा लिइएको छ।

नियन्त्रणमा लिइएका सामग्री तथा होर्डिङबोर्ड जीतपुरसिमरा उपमहानगरपालिकालाई बुझाइएको वडाध्यक्ष गुप्ताले बताए। उनले फूटपाथ अतिक्रमण गरेर व्यापारीहरूले होर्डिङबोर्ड, पसल थापेकाले त्यस्ता सामग्रीहरू हटाएर फूटपाथ अतिक्रमणमुक्त गरिएको बताए।

अतिक्रमणका कारण फूटपाथबाट आवतजावतमा पैदलयात्रीहरूलाई समस्या भएको र यसबारेमा वडा कार्यालयले सम्बन्धित व्यापारीहरूलाई पटकपटक आग्रह गर्दा पनि अटेर गरेपछि प्रहरीको सहयोगमा वडा कार्यालयले आज फूटपाथ अतिक्रमणमुक्त गराएको हो।

# राजस्वको छापामारीप्रति वीउवासङ्घको आपत्ति

प्रस, वीरगंज, २७ भदौ/

वीरगंज उद्योग वाणिज्य सङ्घले मङ्गलवार प्रेस विज्ञप्ति जारी गरी राजस्व अनुसन्धान विभागको टोलीले वीरगंजलगायत पर्सा, बारा क्षेत्रका औद्योगिक एवं व्यापारिक प्रतिष्ठानहरूमा अनुसन्धानको नाममा गरेको छापामारीले उद्योगी, व्यवसायीहरू त्रसित भएको जनाएको छ।

निरन्तर सङ्कुचित हुँदै गइरहेको आन्तरिक व्यापार, खस्किंदो औद्योगिक उत्पादन, बढ्दो बेरोजगारी, अपारदर्शी शुल्कहरू, अनुदार भन्सार तथा कर, राजस्वका दरहरू, प्रक्रियागत प्रशासनिक जटिलता र पाइलैपिच्छे नियामक निकायहरूद्वारा सिर्जित अवरोधका कारण निजी क्षेत्रले दुःख भोग्नुपरेको जनाएको छ।

जेनतेन निजी क्षेत्रले उद्योग, व्यापार, व्यवसाय सञ्चालन गरी राज्यलाई कर तथा राजस्व बुझाउँदै नेपाली अर्थतन्त्रलाई उकास्दै आएका र यस्तो प्रतिकूल परिस्थितिमा राज्यले व्यापार व्यवसायलाई संरक्षण र संवर्द्धनको लागि नयाँ प्याकेजमार्फत व्यापार–व्यवसायलाई राहत दिनुपर्नेमा सोको विपरीत पछिल्ला केही दिनदेखि राजस्व अनुसन्धान विभागले व्यापारिक प्रतिष्ठानहरूमा अनुसन्धानको नाममा गरेको छापामारीप्रति सङ्घको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

अवैध व्यापारलाई निरुत्साहन र वैध व्यापारलाई प्रोत्साहन गर्नुपर्ने र राजस्व चुहावट नियन्त्रणका लागि अनुसन्धान हुनुपर्ने सङ्घले माग गरेको छ।




## वार्तापछि बाल सुधारगृह ...

बताएका थिए।

बालकैदीहरूले भदौ ८ गते भक्तपुरबाट १८ जना बालकैदी आएपछि बाल सुधारगृह, वीरगंजमा विवाद चर्किएको र यसबारेमा स्थानीय प्रहरी प्रशासनलाई अवगत गराइए पनि उनीहरूले गम्भीरतापूर्वक नलिएकाले मङ्गलवार रातिदेखि घटना उग्र भएको भन्दै यो घटनाको जवाफदेही प्रहरी प्रशासन हुनुपर्ने जिकिर गरेका थिए। समयमा समस्याको समाधान नहुँदा यसको नैतिक जिम्मेवारी उनीहरूले लिनुपर्ने बालकैदीहरूले बताए।

बाल सुधारगृहमा हिजो रातिदेखि विवाद बढेर ढुङ्गामुढा, अश्रुग्याँस चलेका कारण स्थानीय बासिन्दाहरू रातभरि तनावमा रहे। अहिले सो ठाउँमा ठूलो सङ्ख्यामा परिचालित सुरक्षाकर्मीहरूलाई हटाइएको छ र अवस्था सामान्य रहेको स्थानीयले बताएका छन्।

# खेलकूदको संसार

## 'साउथ एशिया कराते कप–२०८०'मा बझाङका सुदीप प्रथम

भातेखोला (बझाङ), २७ भदौ/रासस

साउथ एशियन कराते प्रतियोगिता–२०८० मा बझाङका सुदीप कठायतले नेपाललाई प्रथम स्थान दिलाएका छन्।


तस्वीरः रासस

भारतको चेन्नईमा सम्पन्न भएको कराते कपमा नेपालको तर्फबाट खेलेका कठायतले ५५ किलो तौलबाट प्रथम भएका हुन्। जापान कराते डो कोशिकाई सितेरियो सङ्घबाट नेपालको प्रतिनिधित्व गरेका कठायतले साउथ एशियन कराते प्रतियोगितामा प्रथम स्थान हासिल गरेका हुन्।

१८ वर्षीय कठायतले फाइनल खेलमा ५५ किलो तौल समूहबाट प्रतिस्पर्धामा उत्रेको बङ्गलादेशलाई हराएर प्रथम स्थान हासिल गरेका हुन्। समूहको फाइनलमा प्रथम नेपाल, दोस्रो बङ्गलादेश र तेस्रो भारत भएका छन्। कठायत बझाङको मष्टा गाउँपालिका–२ बाडेगाउँका स्थायी निवासी हुन्।

# अख्तियारको कारबाईबाट बच्न वीरगंज महानगरले पौने सात सय कर्मचारी निकाल्यो

प्रस, वीरगंज, २७ भदौ/

वीरगंज महानगरपालिका बुधवार सुनसान रह्यो। प्रमुख प्रशासकीय



तस्वीरः फाइल

अधिकृत लक्ष्मीप्रसाद पौडेलले हिजो सूचना जारी गरी ३२ वटै वडामा कार्यरत दैनिक ज्यालादारीका कर्मचारीहरूलाई आजबाट बर्खास्त गरेपछि कार्यालय सुनसान भएको हो।

महानगरपालिका मात्र होइन ३२ वटै वडामा यसको असर देखियो र त्यहाँको अवस्था पनि सुनसान नै रह्यो। हिजो दिउँसो प्रमुख प्रशासकीय अधिकृतले सूचना जारी गरेपछि नगरप्रहरीले साँझदेखि काम त्यागेका थिए। महानगरमा ३४ जना नगरप्रहरी स्थायी रहेका र बाँकी दैनिक ज्यालादारी गरी ८४ जना कार्यरत थिए। अहिले ५० जना हटेपछि महानगरका वडा, चोकहरूमा नगरप्रहरी देखिएका छैनन्। यसअघि उनीहरू महानगरको मेनरोडका चोकचोकमा देखा पर्थे।

महानगरपालिका स्रोत अनुसार हिजो प्रमुख प्रशासकीय अधिकृत पौडेलले सूचना जारी गरी दैनिक ज्यालादारीका कर्मचारीहरू हटाएपछि महानगरबाट करीब पौने सात सयको हाराहारीमा कर्मचारीहरू बेरोजगारी भएका बताइएको छ। यससम्बन्धी तथ्य जानकारीका लागि अहिले जिम्मेवार कर्मचारीहरू कोही पनि महानगरमा उपलब्ध छैनन्। नगरप्रमुख हिजैदेखि काठमाडौंमा छन् भने उपप्रमुख आज आएनन्। प्रमुख प्रशासकीय अधिकृत हिजो सूचना टाँस गरेदेखि अरूलाई नै निमित्त दिएर सम्पर्कविहीन भएका छन्।

शाखाका जिम्मेवार कर्मचारीहरूले पनि मोबाइल अफ गरेका छन् र अन गरेकाले पनि रिसिभ गरिरहेका छैनन्। कतिपय वडाध्यक्षहरूले पनि मोबाइलको स्वीच अफ गरेका छन्। कर्मचारी स्रोतका अनुसार कार्यालय सहायकदेखि इन्जिनीयरसम्म दैनिक ज्यालादारीमा पौने सात सय कर्मचारी एक वर्षको अन्तरालमा भर्ना गर्ने, निकालिने क्रममा थिए। अहिले यो सङ्ख्या पौने सात सय रहेको र महानगरका ३२ वटा वडामा मात्रै ३५२ जना ज्यालादारी कर्मचारीहरू थिए। एकजना चालक, एकजना कार्यालय सहायक र कम्प्युटर अपरेटरलगायत छजना र पाँचजना सरसफाइकर्मीसहित प्रत्येक वडामा ११ जना दैनिक ज्यालादारीका कर्मचारीहरू थिए।

दैनिक ज्यालादारीका सबै कर्मचारी वडाध्यक्षहरूको सिफारिशमा वडामा र नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको सिफारिशमा महानगरपालिका कार्यालयमा खट्दै आएका थिए। अहिले पौने सात सय कर्मचारी हटेपछि नगरपालिका र वडापालिकाहरू सुनसान भएको बताइन्छ। भरपर्दो स्रोत अनुसार यति ठूलो सङ्ख्यामा दैनिक ज्यालादारी कर्मचारीहरू राखिएकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान शुरू गरेपछि प्रमुख प्रशासकीय अधिकृत पौडेलले एक साथ पौने सात सय दैनिक ज्यालादारी कर्मचारीहरूलाई निष्कासित गरेका हुन्। अख्तियारले महानगरमा यतिविघ्न दैनिक ज्यालादारी कर्मचारीहरू राख्नुको कारण पुष्टि गर्न प्रमुख प्रशासकीय अधिकृतलाई दबाब दिएपछि कारण पुष्टि गर्न नसकेका पौडेलले निष्कासन गरेको बताइन्छ।

पौने सात सय कर्मचारीमाथि महानगरपालिकाको मासिक तलब मात्र एक करोड ३० लाखभन्दा बढी खर्च भइरहेको र अन्य सुविधाहरूको समेत गणना गर्दा पौने दुई करोडको हाराहारीमा मासिक खर्च भइरहेको महानगरस्रोतले जनाएको छ।

# गाँजा बरामद

प्रस, पोखरिया, २७ भदौ/

पर्सा जिल्लाको पकहामैनपुर गाउँपालिका वडा नं १ धोरे बस्ने माधोलाल मेहताको घरमा १७३.५ किलो गाँजा बरामद भएको छ।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसी नेतृत्वको टोलीले सो परिमाणको गाँजा बरामद गरेको हो।

स्थानीय तथा जनप्रतिनिधिको रोहबरमा घर खानतलाशी गर्दा गाँजा बरामद भएको प्रनि केसीले जानकारी दिए।

घरधनी मेहताकी पत्नीले आफ्नो पति मेहताले नै गाँजा ल्याएर घरमा राखेको बताइन्।

सो गाँजा इप्रका, पोखरियामा ल्याएको प्रनि केसी बताए।

## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागीताको अधिकारको सुनिश्चित गरौं, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।
- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड